राष्ट्रिय 'क' वर्गको पत्रिका
15 Years MISSION
नेपाल सम्वत् ११४५
चैत शुक्ल सप्तमी
www.missiontodaynews.com
'सूचनामा तपाईंसँगको साझेदारी'
# मिसन टुडे
काठमाडौं र कोहलपुरबाट एकैसाथ प्रकाशित
राष्ट्रिय दैनिक




वर्ष : १५, अंक २७६ पृष्ठ ८ | शुक्रबार २२ चैत २०८१ | (FRIDAY 4 APRIL 2025) | मूल्य रु. १० | E-mail: missiontodaydaily@gmail.com | विज्ञापन र समाचारका लागि: ९८४८२६२०२६

# न्याय माग्दै अदालतको गेटमै आत्मदाहको प्रयास

**श्रीमानको हत्यारालाई उन्मुक्ति दिन खोजिएको भन्दै कारबाहीको माग राख्दै उच्च अदालत सुर्खेतको गेटमा धर्ना बसिरहेकी निर्मलासँगै उनकी बहिनीले पनि पेट्रोल छर्केर आगो लगाउने प्रयास गरेपछि त्यहाँ खटिएको प्रहरीले नियन्त्रणमा लिएको थियो । तत्कालै प्रहरीले नियन्त्रणमा लिएकोले उनीहरूले शरिरमा आगो लगाउन पाएनन् । जाजरकोट प्रहरीले भने घटनाबारे थप अनुसन्धान भइरहेको जनाएको छ ।**



हामी कामका लागि हरेक वर्ष भारत जान्थ्यौं । परदेशी भूमिमा कहिल्यै असुरक्षित महशुस भएन । तर यस वर्ष भारतबाट फर्किएको केही दिनमै गाउँ नजिकै मेरो श्रीमानको हत्या भयो । श्रीमानको हत्यापछि हामीलाई न्याय त कहाँ हो कहाँ । अदालतकै मिलेमतोमा उल्टै हत्यारालाई उन्मुक्ति दिने खेल भइरहेको छ ।

**निर्मला शाही**
**पीडित**

नन्दराम जैशी
*सुर्खेत, २१ चैत*

'हामी कामका लागि हरेक वर्ष भारत जान्थ्यौं । परदेशी भूमिमा कहिल्यै असुरक्षित महशुस भएन । तर यस वर्ष भारतबाट फर्किएको केही दिनमै गाउँ नजिकै मेरो श्रीमानको हत्या भयो' पीडित निर्मला शाहीले भनिन्, 'श्रीमानको हत्यापछि हामीलाई न्याय त कहाँ हो कहाँ । अदालतकै मिलेमतोमा उल्टै हत्यारालाई उन्मुक्ति दिने खेल भइरहेको छ ।'

जाजरकोटको जुनीचाँदे गाउँपालिका-६ मइपकी निर्मला शाहीले गत माघ १८ गते श्रीमान रामबहादुर शाहीलाई गुमाएकी हुन् । मृतक शाहीसहित निर्मला र उनका २ छोरा भारतबाट फर्किएको ३/४ दिन मात्रै भएको थियो । त्यसैबेला माघ १७ गते जुनिचाँदे-५ स्थित शिवपुरी माध्यामिक विद्यालयमा राष्ट्रपती रनिङ शिल्ड प्रतियोगिता चलिरहेको रामबहादुरले सूचना पाए । घरपरिवारलाई जानकारी दिँदै उनी उक्त प्रतियोगिता हेर्न भन्दै शिवपुरी पुगेका थिए । तर खेलकुद कार्यक्रम हेरेर फर्किने क्रममा रामबहादुरको हत्या भयो । मृतक रामबहादुरका दाई लोकेन्द्र शाहीले हत्यापछि काहाँरे खोलामा भाई रामबहादुरको शव फालिएको दावी गरे ।

जिल्ला प्रहरी कार्यालय जाजरकोटका अनुसार उनी खोलामा मृत अवस्थामा भेटिएका थिए । श्रीमानको हत्यारालाई उन्मुक्ति दिन खोजिएको भन्दै कारबाहीको माग राख्दै निर्मला उच्च अदालत सुर्खेतको गेटमा सोमबारदेखि धर्ना बसेकी थिइन् । तर, बिहीबार अदालत अगाडी नै उनले आत्मदाहको प्रयास गरेपछि प्रहरीले नियन्त्रणमा लिएको छ । निर्मलासँगै उनकी बहिनीले पनि पेट्रोल छर्केर आगो लगाउने प्रयास गरेपछि त्यहाँ खटिएको प्रहरीले नियन्त्रणमा लिएको हो । जाजरकोट जिल्ला अदालतले रामबहादुरको कर्तव्य ज्यान मुद्दामा

*बाँकी दोस्रो पृष्ठमा...*





## हत्या घटनाको अनुसन्धान जारी

रामबहादुर हत्याको अनुसन्धान प्रहरीले जारी राखेको छ । तत्कालिन समयमा उनको हत्याको खबरपछि इलाका प्रहरी कार्यालय गर्खाकोटबाट प्रहरी नायब निरीक्षक पूर्णबहादुर रानाको टोली घटनास्थल पुगेर घटनाको अनुसन्धान अगाडी बढाएको थियो ।

घटनास्थल थप शंकास्पद देखिएपछि जिल्ला प्रहरी कार्यालय जाजरकोटबाट प्रहरी निरीक्षक दिनेश तिमिल्सिनाको कमान्डमा थप टोली खटिएको थियो । घटनास्थलमा रगतजस्तो देखिने रातो पदार्थ भेटिएको र उनको टाउको र कानमा चोट देखिएको प्रहरीले प्रारम्भिक अनुसन्धानको क्रममा देखिएको छ

अनुसन्धानको क्रममा रामबहादुरको हत्यामा संलग्न भएको आरोपमा जाजरकोट प्रहरीले ९ जनालाई पक्राउ गरेर उनीहरू विरुद्ध जाजरकोट जिल्ला अदालतमा मुद्दा दायर गरेको छ । प्रहरीले रामबहादुरको हत्यामा संलग्न भएको आरोपमा सोही ठाउँका तुलाकुमारी शाही, बीरबहादुर शाही, जयबहादुर शाही, प्रेमबहादुर शाही, रत्नबहादुर शाही, मैसरा शाही, रेशमबहादुर शाही, रामबहादुर शाही र मैप १ नाबालकलाई पक्राउ गरेको थियो ।

जाजरकोट प्रहरीले उनीहरू विरुद्ध फागन ११ गते अदालतमा कर्तव्य ज्यान मुद्दा दर्ता

*बाँकी दोस्रो पृष्ठमा...*

**नेपालगन्जका नागरिक अगुवाले भने,**

# 'गणतन्त्र पक्षधर सच्चिनुको विकल्प छैन्'

मिसन संवाददाता
*नेपालगन्ज, २१ चैत*

नेपालगन्जका नागरिक अगुवाहरूले नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड सामू उनको खरो आलोचना गरेका छन् । नेकपा (माओवादी केन्द्र)ले पार्टीको तराई मधेश जागरण अभियानका क्रममा बिहीबार नेपालगन्जमा आयोजना गरेको नागरिक अन्तर संवाद कार्यक्रममा उनीहरूले प्रचण्डसहित नेताहरूको आलोचना गरेका हुन् ।

उनीहरूले गणतन्त्रवादी भन्ने नेतृत्वले जनताको भावना बुझ्न नसक्दा, सुशासन कायम गर्न नसक्दा, आफूलाई सीमित घेरामा राख्दा र आचरण सुधार गर्न नसक्दा अहिले व्यवस्थामाथि नै प्रश्न उठाउन थालिएको बताए । साथै लोकतन्त्रको विकल्प लोकतन्त्र बाहेक अरू हुन नसक्ने बताउँदै उनीहरूले यतिबेला गणतन्त्र पक्षधर दलहरू सच्चिनुको विकल्प नभएकोमा सचेत गराएका छन् ।

कार्यक्रममा माओवादी केन्द्रका अध्यक्ष एवं पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसहित केन्द्रीय पदाधिकारीहरूले नागरिक समाजका प्रतिनिधिहरूको भनाइहरू ध्यानपूर्वक सुनेका थिए । करिब डेढ दर्जन नागरिक समाजका अगुवा, प्राध्यापक, व्यवसायी र सामाजिक संघ संस्थाका अगुवाहरू समेत व्यक्तिहरूले नेताहरू सामू माओवादीसहित गणतन्त्र पक्षधर दलहरूप्रतिको असन्तोष र सुझावहरू राखे । यसरी आफ्नो धारणा राख्नेहरूमा माओवादी केन्द्रमा आस्था राख्ने मात्रै नभै अन्य दलमा आस्था राख्नेहरूसमेत थिए ।

कार्यक्रममा बोल्दै पत्रकार जे पाण्डेले माओवादी केन्द्र, नेकपा एमाले र कांग्रेसका मुख्य नेताहरूले जनताको भावना अनुरूप सुशासन कायम गर्न नसक्दा अहिले राजावादीहरूले उनीमाथि प्रहार गर्ने मौका पाएको बताए । पाण्डेले अहिलेपनि नागरिकहरूले राज्यले दिनुपर्ने सेवा प्राप्त गर्नका लागि पनि कसैको सिफारिस चाहिने

*बाँकी दोस्रो पृष्ठमा...*




## 'वीरेन्द्र राजा थिए, ज्ञानेन्द्र थिएनन्'

माओवादी केन्द्रका अध्यक्ष एवं पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले पूर्वराजा ज्ञानेन्द्र शाहलाई आफूहरूले कहिल्यै राजा नमानेका बताएका छन् । पार्टीले नेपालगन्जमा आयोजना गरेको जनतासँग अन्तर संवाद कार्यक्रममा बोल्दै उनले ज्ञानेन्द्रले कहिल्यै पनि जनताको प्रवाह नगरेको बताए ।

उनले भने, 'मैले उनलाई कहिल्यै राजा मानिन क्या, हाम्रो पार्टीले । किनभने स्वभाविक रूपमा आयो भने अलिकति राजाको गुण हुन्छ । अलि जनताप्रति माया हुन्छ । देशप्रति माया हुन्छ । केही न केही सहमति सम्झौता गर्ने गुण हुन्छ । राजाको नाटक गरेकोमा मिल्दै मिल्दैन ।'

उनले पूर्वराजा वीरेन्द्रमा भने राजाको गुण रहेको स्मरण गरे । 'वीरेन्द्र चाहीँ राजा




थिए । स्वभाविक रूपमा । त्यसो भएर हाम्रो जनयुद्ध हुँदै गर्दा वीरेन्द्र वार्ता गर्न जोड गर्थे हामीसँग । यिनीचाहीँ मारेरै सक्नुपर्छ भन्नेवाला हुन्,' प्रचण्डले भने ।

उनले अहिले फेरि राजावादी र गणतन्त्रवादीहरू आमने समाने हुन पुगेको बताए । उनले संविधान बनाउँदा सत्तामा

*बाँकी दोस्रो पृष्ठमा...*



# आमसञ्चार नीति बनाउँदै कोहलपुर नगरपालिका

मिसन संवाददाता
*बाँके, २१ चैत*

कोहलपुर नगरपालिकाले निर्माण गर्न लागेको आमसञ्चार नीतिलाई कार्यान्वयनमा ल्याउन सम्वद्ध सरोकारवालाहरूसँग सुझाव संकलन गर्न छलफल सुरु गरेको छ।

नेपालको संविधान (२०७२) ले सुनिश्चित गरेको सूचना तथा सञ्चारको हकका साथै प्रेस तथा अभिव्यक्तिको स्वतन्त्रतासम्बन्धी मान्यतामा आधारित रही नगरले सञ्चार नीति बनाउन थालेको हो।

पहिलो चरणमा बिहीबार नेपाल पत्रकार महासंघको सभाहलमा महासंघ बाँके शाखाका कार्यसमितिसँग छलफल गरिएको कोहलपुर नगरपालिकाका प्रेस संयोजक प्रियास्मृति ढकालले जानकारी दिए। उनका अनुसार त्यसपछि कोहलपुर नगरपालिकाका क्रियाशील पत्रकार, सञ्चार उद्यमी तथा जनप्रतिनिधिहरूसँग छलफल गरिनेछ।

सूचना तथा सञ्चार प्रविधिको प्रयोग, निरन्तर विकास एवम् गतिशीलताबाट उपयुक्त अवसरसँगै नीतिगत चुनौतीहरू पनि सिर्जना भइरहेकाले यसलाई थप व्यवस्थित र दिगोपनाका लागि सञ्चार नीति निर्माण गर्न थालिएको कोहलपुर नगरपालिकाका कार्यबाहक नगर प्रमुख संगिता सुवेदीले बताइन्। 'सञ्चार प्रविधि क्षेत्रमा भएको गतिशीलता एवम् निरन्तर विकासद्वारा सिर्जित नीतिगत चुनौती सम्बोधन गर्न सञ्चार नीति आवश्यक छ। विवादरहित हुने गरी नीति बनाइने छ।' उनले भनिन्।




त्यहीअनुसारको भूमिका निर्वाह गर्न उनले सञ्चार नीति बनाउन गठित कार्यदललाई सुझाव पनि उनले दिइन्। नेपाल पत्रकार महासंघ बाँकेका अध्यक्ष नवीन गिरीको संयोजकत्वमा प्रेस संयोजक ढकाल र कोहलपुर नगरपालिकाका अधिकृत आशिष वर्मा सदस्य रहने गरी सञ्चार नीति निर्माणका लागि मस्यौदा समिति बनाइएको छ। कार्यबाहक नगर प्रमुख सुवेदीले स्थानीय संचार क्षेत्रको प्रवर्द्धनमा विशेष प्राथमिकता दिएर नीति बनाउन सुझाव दिइन्।

नेपाल पत्रकार महासंघका अध्यक्ष गिरीले सञ्चार नीतिले स्थानीय मिडियाको सवलीकरणमा सहयोगी भूमिका निर्वाह गर्ने बताए। स्थानीय सञ्चार माध्यमको प्रवर्द्धन गर्दै पत्रकारहरूको रोजगारीलाई ग्यारेन्टी गरिनु अहिलेको आवश्यकता र चुनौतीलाई नीतिले सम्वोधन गर्ने बताएका थिए।

मस्यौदा समितिका सदस्य सचिव समेत रहेका वर्माको स्वागत मन्तव्यबाट सुरु भएको कार्यक्रमको सहजीकरण महासंघ बाँके शाखाका सचिव कृष्ण ओलीले गरेका थिए।

# बागेश्वरी बहुमुखीको स्ववियु निर्वाचन अनिश्चित

मिसन संवाददाता
*कोहलपुर (बाँके), २१ चैत*

मध्यपश्चिम विश्वविद्यालयको आंगिक क्याम्पस बागेश्वरी बहुमुखी क्याम्पस कोहलपुरमा स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु)को निर्वाचन अनिश्चित भएको छ। विश्वविद्यालयको कार्यतालिका अनुसार चैत १८ गते हुने भनिएपनि विवादका कारण स्थगित भएको निर्वाचन अझै अनिश्चित भएको हो। बागेश्वरी बहुमुखी क्याम्पसको निर्वाचन समितिले निर्वाचन गराउन असहज वातावरण सिर्जना भएको भन्दै २०८१ चैत ११ गते निर्वाचन स्थगित गरेको थियो।

कार्यतालिका बमोजिम निर्वाचन समितिले सार्वजनिक गरेको मतदाता नामावलीप्रति असहमति जनाउँदै फर्जी मतदाता नामावली सच्चाउनुपर्ने पाँच संगठनले माग गरेका थिए। सोही विषयलाई लिएर क्याम्पस प्रशासन र निर्वाचन समितिको कार्यालयमा तालाबन्दी गरिएको छ। यसैबीच, स्वतन्त्र प्राज्ञिक विद्यार्थी समूहले प्रशासनको काम कारबाही सुचारु गर्न र अभिलम्भ स्ववियु निर्वाचन गराउन माग गरेको छ। बिहीबार बागेश्वरी बहुमुखी क्याम्पसको स्ववियु निर्वाचन समिति र क्याम्पस प्रमुखलाई ध्यानाकर्षण पत्र बुझाउँदै तालाबन्दी खुल्ला गर्न र छिटो भन्दा छिटो स्ववियु निर्वाचनको प्रक्रिया अघि बढाउन माग गरेको हो।

समूहले क्याम्पस प्रमुख र निर्वाचन समितिलाई बुझाएको पत्रमा भनिएको छ, 'क्याम्पस प्रशासनमा तालाबन्दी हुँदा हजारौं विद्यार्थीहरू आफ्ना माग र समस्या राख्नबाट वञ्चित भएका छन्। तालाबन्दी खुलाउन कुनैपनि पहल भएको छैन्।' स्वतन्त्र प्राज्ञिक विद्यार्थी समूहका संयोजक रमेश वरले क्याम्पस प्रशासन र अन्य संगठनहरूलाई विद्यार्थीका मुद्दामा केन्द्रित हुन आग्रह गरे। तालाबन्दी र निर्वाचन स्थगित



हुँदासमेत आफूहरूलाई विद्यार्थीहरूको आवाज बोल्ने संगठन दाबी गर्ने राजनीतिक दलका भातृ संगठनहरूको मौनताप्रति समूहको गम्भीर आपत्ति रहेको उनले बताए।

उनका अनुसार निर्वाचन कार्यालयमा गरिएको तालाबन्दीप्रति समग्र स्वतन्त्र विद्यार्थी समूह र आम विद्यार्थीको विशेष ध्यानाकर्षण भएको छ। उनले वार्ता र संवादका माध्यमबाट निर्वाचन प्रक्रिया अघि बढाउन छिटो भन्दा छिटो पहलकदमी लिन निर्वाचन समितिलाई अपिल गरेका छन्। 'बागेश्वरी बहुमुखी क्याम्पस कोहलपुर बाँकेमा मिति २०८१ चैत १८ गते तोकिएको स्ववियु निर्वाचन अनिश्चितकालीन रूपमा स्थगित भएकोप्रति 'स्वतन्त्र प्राज्ञिक विद्यार्थी समूह'को गम्भीर ध्यानाकर्षण भएको छ' ५० जना विद्यार्थीद्वारा हस्ताक्षरित ध्यानाकर्षण पत्रमा उल्लेख गरिएको छ। क्याम्पस अध्ययन गर्ने र अध्यापन गर्ने ठाउँ भएकाले विशेषगरी विद्यार्थीका अधिकारहरू कुण्ठित गर्ने किसिमले र क्याम्पसमा असहज वातावरण सिर्जना गर्ने खालका कामहरूको घोर भर्त्सना गरिएको छ। निर्वाचन प्रक्रिया अघि बढाउन असहज परिस्थिति भएको भन्दै २०८१ चैत ११ गते स्थगित चुनावी प्रक्रिया हालसम्म अनिश्चित भएकोले निर्वाचन प्रक्रिया अघि बढाउन सरोकारवाला पक्षसँग छलफल र संवादका माध्यमबाट समस्याको समाधान गर्न समूहले माग गरेको छ। यस्तै अखिल क्रान्तिकारीका विद्यार्थी नेता लक्ष्मण आचार्य विवादित विषयमा सहमति खोजेर तुरुन्त स्ववियु निवर्वाचन हुनुपर्ने बताउँछन्। उनका अनुसार असहज परिस्थितिको बाहनामा क्याम्पस प्रशासनले चुनाव पछि धकेल्न खोजेको छ।

छिटो भन्दा छिटो चुनाव हुनुपर्ने पक्षमा अखिल क्रान्तिकारी रहेको उनले बताए। बागेश्वरी बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख दानबहादुर हमालले विद्यार्थी संगठनहरूको असहमति र तालाबन्दीका कारण निर्वाचन स्थगित गरिएको बताए। 'क्याम्पस प्रशासन र स्ववियु कार्यालयमा तालाबन्दी छ। विवादित विषयमन टुंग्याउन छलफल चलिरहेको छ।'

# स्थापना दिवसमा कृष्णसारको रक्तदान




मिसन संवाददाता
*बाँके, २१ चैत*

नेपालगन्जस्थित कृष्णसार एफएम ९४ मेगाहर्जले आफ्नो १६औं वार्षिकोत्सवको अवसरमा बिहीबार रक्तदान कार्यक्रम आयोजना गरेको छ।

प्रादेशिक रक्तसंचार केन्द्र नेपालगन्जको प्राविधिक सहयोगमा गरिएको रक्तदान कार्यक्रममा गरिएको रेडियोका कार्यकारी प्रमुख तुला अधिकारीले जानकारी दिए। कार्यक्रममा प्रादेशिक रक्तसंचार केन्द्र नेपालगन्जका प्रमुख उपेन्द्र रेग्मीलाई रेडियोका कार्यकारी निर्देशक अधिकारीले रगत संकलन गर्ने प्याकेट हस्तान्तरण गरेर रक्तदानको सुरुवात गरिएको थियो।

रेडियोका कार्यकारी प्रमुख अधिकारी, समुदायका लागि संचार अभियान नेपालका अध्यक्ष धवराज अधिकारी, सचिव सावित्री गिरी, कोषाध्यक्ष राकेशकुमार मिश्र, सदस्य योगराज चौधरीले रक्तदान गरेका थिए। यस्तै रेडियोमा कार्यरत कुशल विश्वकर्मा, नेपाल स्वयंमसेवी रक्तदाता समाज बाँकेका अध्यक्ष दिला शाह, नेपालगन्ज उपमहानगरपालिका वडा नम्बर १० का स्वास्थ्य इन्चार्ज भागीराम चौधरी, स्वास्थ्यकर्मी धर्मेन्द्र सिंह, नेपालगन्जका रिनु खत्री र लक्ष्यबहादुर विश्वकर्मा लगायत एक दर्जनले रक्तदान गरेको कृष्णसार एफएमले जनाएको छ।

यसअघि कृष्णसार एफएम ९४ मेगाहर्जले १७औं वर्ष प्रवेश गरेको अवसरमा चैत्र १४ गते शुभकामना आदानप्रदान कार्यक्रमसमेत गरिएको थियो। २०६५ साल चैत्र १४ गते बेलुका ६ बजेर ५५ मिनेटबाट कृष्णसार एफएमले प्रसारण सुरु गरेको थियो। एफएमले हाल अत्याधुनिक डिजिटलमैत्री स्टुडियोबाट उत्पादन तथा प्रसारण गरिरहेको छ।

# मनाङको फू गाउँमा सशस्त्रको 'बिओपी' राखिने

मिसन संवाददाता
*मनाङ, २१ चैत*

हिमाली जिल्ला मनाङ र चीनको सीमानामा बोर्डर आउट पोष्ट (बिओपी) स्थापना गरिने भएको छ। सीमा नाका निर्धारण गर्ने उद्देश्यले नार्पाभूमि गाउँपालिकामा बिओपी स्थापना गरिने भएको हो।

नार्पाभूमि गाउँपालिका-४ फू गाउँमा बिओपी स्थापना गरिने जिल्ला प्रशासन कार्यालय मनाङले जनाएको छ। समुद्री सतहदेखि करिब चार हजार मिटर उचाइमा बिओपी स्थापना गर्न लागिएको हो।

प्रमुख जिल्ला अधिकारी मातृका आचार्यले सीमामा सहजता र सुरक्षाका लागि बिओपी स्थापना गर्न लागिएको बताए। उनले बिओपी स्थापनाका लागि २० रोपनी जग्गा दीर्घकालीन रूपमा भाडामा सशस्त्र प्रहरीलाई उपलब्ध गराइएको जानकारी दिए। सरकारी जग्गा आवश्यकता अनुसार सशस्त्र प्रहरीले उपयोग गर्नेगरी भाडामा जग्गा उपलब्ध गराइएको प्रजिअ



आचार्यले बताए।

जग्गा भाडाको प्रमाणपत्र सशस्त्र प्रहरी बल नं. ३२ का गुल्मपति सशस्त्र प्रहरी नायब उपरीक्षक हिराबहादुर जिसीलाई एक कार्यक्रमबीच हस्तान्तरण गरिएको छ। 'फू क्षेत्र मनाङको विकट क्षेत्र हो। हालसम्म सडक सञ्जालसमेत नपुगेकाले बिओपी स्थापनापछि सीमा सुरक्षा तथा निगरानीका साथै अन्तरदेशीय अपराध नियन्त्रण प्रभावकारी हुने अपेक्षा गरिएको छ,' प्रजिअ आचार्यले भने।

बिओपीमा प्रहरी निरीक्षकसहित ३५ जना सशस्त्र प्रहरी खटाइनेछ। प्रजिअ आचार्यले नार्पाभूमि गाउँपालिकासँग समन्वय गरेर अघि बढ्ने र जतिसक्दो छिटो बिओपी सञ्चालन गरिने बताए। उनले बिओपी स्थापना पछि शान्ति सुरक्षा, विपद् व्यवस्थापन तथा लेक लागेर बिरामी हुने पर्यटकको उद्दारमा थप प्रवभाकारी हुने अपेक्षा गरिएको बताए। नार्पाभूमि चीनको स्वशासित क्षेत्र तिब्बतसँग सीमा जोडिएको पालिका हो। फू गाउँ पुग्न सदरमुकाम चामेबाट दुई दिन लाग्दछ।

## पहिलो पृष्ठको बाँकी

### न्याय...

४ जनालाई पुर्पक्षका लागि कारागार पठाउन आदेश दिइसकेको छ। तर बाँकी २ जनालाई धरौटी र २ जनालाई साधारण तारेखमा छाडेपछि निर्मलाले न्याय माग्दै उच्च अदालत सुर्खेत अगाडी धर्नामा बसेकी हुन्।

जिल्ला प्रहरी कार्यालय सुर्खेतका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक (डीएसपी) वीरेन्द्रवीर विश्वकर्माका अनुसार निर्मला शान्तिपूर्ण रूपमा धर्नामा बसिराखेकी थिइन्। तर उनकी बहिनी शर्मिला शाहीले एक्कासी पेट्रोल ल्याएर छर्केर आत्मदाह गर्न खोजेपछि प्रहरीले नियन्त्रणमा लिएको उनले बताए।

आगो लगाउन खोज्ने बहिनी शर्मिलालाई प्रहरीले नियन्त्रणमा लिएपछि धर्नामा बसेकी दिदीले आफूपनि प्रहरी कार्यालय जान्छु भनेपछि उनीलाई समेत नियन्त्रणमा लिइएको थियो।

### हत्या...

गराएको हो। अदालतले फागुन १३ गते थुनछेक बहसपछि पाँच जनालाई धरौटी र चार जनालाई कारागार चलान गरिसकेको छ। २ लाख ५० हजार रूपैयाँमा रत्न र १ लाख मैसराबाट धरौटी रकम माग गरेर अदालतले उनीहरूलाई छोडन आदेश दिएको जाजरकोट जिल्ला अदालतका सूचना अधिकारी रामसिंह ठकुरीले जानकारी दिए। उनकाअनुसार साधारण धरौटीमा रेशम, राम र मैप १ नाबालकलाई अदालतले छाड्ने आदेश दिएको थियो।

थुनछेक बहसपछि पुर्पक्षका लागि तुलाकुमारी, बीरबहादुर, जयबहादुर र प्रेमबहादुरलाई कारागार चलान गर्ने आदेश भएको सूचना अधिकारी ठकुरीको भनाइ छ। उनकाअनुसार मुद्दा अहिले पनि अदालतमा चलिरहेको छ। तर, मृतक रामबहादुरकी श्रीमती निर्मलाले धरौटीमा छुटेकी मैसरा नै मुख्य दोषी रहेको दावी गर्दै आएकी छन्। धरौटिमा अदालतले छाडेकोमा चित्त नबुझेको भन्दै छुटेकाहरूलाई थुनामा पठाइ पाउँ भन्दै उच्च अदालत सुर्खेतमा निवेदन दर्ता गराएकी छन्।

निर्मलाले विभिन्न ८ बुँदे माग राख्दै उच्च अदालत अगाडी धर्ना बसेकी हुन्। जिल्ला अदालतको आदेश चित्त नबुझेपछि धरौटी छुटेकाहरूलाई थुनामा राखी पाउँ भनेर दिएर ७३ नम्बर अन्तर्गत मुद्दा अहिले उच्च अदालतमा विचाराधिन छ।

उच्च अदालत सुर्खेतका प्रवक्ता प्रेमप्रकाश थापाका अनुसार निर्मलाले दिएको निवेदन कानुनी प्रक्रियामा छ। जिल्ला अदालतबाट कैफियत माग भइसकेकाले प्रक्रियागतमा गइसकेको उनले बताए। दुवै पक्षलाई जानकारी दिनुपर्ने अदालती प्रक्रियाका कारण पेशी तोकेर थप प्रक्रिया अघि बढ्ने उनले मिसन टुडेलाई जानकारी दिए।

### गणतन्त्र...

अवस्था रहेको बताउँदै कर्मचारीतन्त्रमा सुधार नगरी समस्या समाधान नहुने बताए। उनले प्रहरीकहाँ उजुरी लिएर गएका नागरिकलाई गेटबाट भित्र पस्न नदिइने गरेको उदाहरण दिँदै भने, 'यस्ता नागरिकहरूको पीडा हाम्रा नेताहरूले पनि सुन्नुभएन। उहाँले सुन्नुभयो भने आफ्ना सांसद र कार्यकर्ताबाट हो। ती व्यक्तिहरूले त्यस्तै कर्मचारीबाट सञ्चालित हुन्छन्। त्यहीँकारण तपाईंहरूविरुद्ध मुर्दावादको नारा लागेको हो।'

अर्का पत्रकार शरण कर्माचार्यले पनि गणतन्त्रका नेताहरूले जनताको आवाज सुन्न छाडेर आसेपासेहरूको आवाज सुन्न थालेपछि र नागरिकको अभिभावकत्व लिन नसकेपछि उनीप्रति वितृष्ण उत्पन्न भएको बताए।

नागरिक समाजका अगुवा एवं व्यवसायी कृष्णप्रसाद श्रेष्ठले कम्युनिष्ट पार्टीका नेताहरूले जे सिकाए त्यो व्यवहारमा नउतार्दा अहिले नागरिकमा निराशा उत्पन्न भएको बताए। त्यसलाई चिर्न उनले दलहरू भित्रै सुधारको खाँचो रहेको बताए। 'जहाँ जहाँ नेताजीहरू जानुहुन्छ त्यहाँ बिहानैदेखि बदनाम मान्छेहरूले घेराबन्दी गर्ने गरेको देखिन्छ। तपाईं व्यक्तिहरूबाट नेताजीहरू मुक्त हुनुपर्छ,' उनले भने।

नेपालगन्जका ज्येष्ठ नागरिक मुरारी शर्माले प्रचण्डलाई प्रश्न सोधे, 'तपाईं अहिले पनि कुन घेराभित्र हुनुहुन्छ ? तपाईंले आफ्नो आत्मालोचना गर्न सक्नुभएको छैन् कि ? जहिले पनि उही घेरा।' व्यवसायी टंक शर्माले नेताहरूमा जनताको आवाज सुन्ने र त्यसलाई सम्बोधन गर्ने ईच्छाशक्ति नै नरहेको आरोप लगाए।

साहित्यकार हरि तिमिल्सेनाले प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख, प्रदेश संरचनामा सुधार र निर्वाचन प्रणालीमा सुधार नगरेसम्म जनताले विश्वास गर्ने अवस्था नरहेको बताए। प्राध्यापक रुद्र तिमिल्सेनाले संसदीय प्रणालीमा सुधार, महंगो निर्वाचन प्रणाली सुधार गर्ने र सुध्रिन्छौं भन्ने स्पष्ट आधार दिन नसकेमा परिस्थिति खराब हुने चेतावनी दिए।

सहभागिहरूका धारण सुनिसकेपछि अध्यक्ष प्रचण्डले माओवादी केन्द्रले भएका गल्तीहरूमा आत्मालोचना गरेर अब नागरिकहरूका कुरा सुन्नुपर्छ र नागरिकसँगको सम्बन्ध बलियो बनाउनुपर्छ भनेरै कार्यक्रम आयोजना गरिएको बताए। उनले आएका सुझावहरूमा आफ्नो कुनै प्रतिवाद नरहेको बताउँदै सुझावहरूकै आधारमा पार्टीको मार्ग तयार गर्ने बताए।

### वीरेन्द्र...

रहेका कतिपय व्यक्तिहरू नै गणतन्त्रको पक्षमा नरहेको पनि स्मरण गरे। तर, पत्रकार सम्मेलनमा ती व्यक्तिहरू को हुन् भन्ने पत्रकारहरूको प्रश्नमा प्रचण्डले अहिले राजावादी विरुद्ध गणतन्त्रका पक्षधर दलहरू एक ठाउँमा रहेकाले व्यक्तिकै नाम लिइहाल्न उपयुक्त नहुने बताएका थिए।

# टोल विकास संस्थाको क्षमता अभिवृद्धि गर्दै कोहलपुर



**मिसन संवाददाता**
*कोहलपुर, २१ चैत*

बाँकेको कोहलपुर नगरपालिकाले टोल विकास संस्थाहरूको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरेको छ। सामाजिक विकास शाखाको आर्थिक वर्ष २०८१/२०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार टोल विकास संस्थाहरूको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरेको हो।

कोहलपुर नगरपालिका सामाजिक विकास समितिको आयोजनामा बिहीबार नगरपालिका क्षेत्रमा गठन गरिएका टोल विकास समितिका पदाधिकारीहरूलाई क्षमता अभिवृद्धि कार्यक्रम आयोजना गरिएको थियो।

नगरपालिकाले गठन गरेका टोल विकास समितिका काम, कर्तव्य र अधिकार, उनीहरूले गरेका काम, भोग्नु परेका समस्या र नीति निर्माणमा सहयोग पुगोस् भन्ने उद्देश्यले क्षमता अभिवृद्धि कार्यक्रम आयोजना गरिएको हो।

सामाजिक विकास समितिका संयोजक इश्वरीप्रसाद विश्वकर्माले नेपाल सरकारको स्थायी संरचना अन्तर्गत स्थानीय सरकारको अभिन्न अंगको रूपमा टोल विकास संस्था रहेको बताए। उनका अनुसार नगरपालिकाले नगर क्षेत्रमा १ सय ९५ वटा टोल विकास संस्था गठन गर्ने लक्ष्य लिएको छ।

चालू आर्थिक वर्षको हालसम्म ९५ वटा संस्था गठन गर्न सफल भएको उनले बताए। आगामी आर्थिक वर्षसम्म लक्ष्य अनुसार नै टोल विकास संस्था गठन गरिने संयोजक विश्वकर्माले बताए।

'नगरपालिकाले टोल विकास संस्थाले गरेका काम र उनीहरूले भोगेका समस्याका विषयमा जानकारी लिएको छ। टोल विकास संस्थाहरूको नीति, काम र अधिकार के छ भन्ने उद्देश्यले क्षमता अभिवृद्धि कार्यक्रम आयोजना गरिएको हो। योजना बैंक नबनाएर विकास निर्माणको काम गर्दा द्वन्द्व हुने स्थिति सिर्जना हुने गरेको छ। शक्ति र पहुँच भएका मानिसहरू टोलमा हाबी हुने स्थिति छ। योजना निर्माण र दीगो विकासको लागि स्थायी संरचना निर्माणको लागि टोल विकास संस्था गठनको अवधारणा ल्याइएको हो।' उनले भने।

कोहलपुर नगरपालिका शिक्षा शाखाका प्रमुख रामबहादुर हमालले अहिलेपनि टोल विकास संस्था र उपभोक्ता समिति एउटै हुन् भन्ने बुझाइ रहेको बताए। टोल विकास संस्था एउटा विकासको आयोजना सम्पन्न गर्ने काममा मात्रै सीमित नरहेको बताए। हमालका अनुसार टोल विकास संस्था टोल विकासको लागि महत्वपूर्ण संरचना हो।

'टोलमा विकासको नेतृत्व गर्ने अधिकार टोल विकास संस्थालाई छ। टोल विकास संस्थाले योजना बैंक निर्माण गर्न सक्छ। यो उपभोक्ता समिति जस्तो होइन्। यो वृहत् संस्था हो' शाखा प्रमुख हमालले भने।

टोल विकास समितिलाई चलायमान बनाउन, उनीहरूका काम र कर्तव्यका कुरामा थप प्रस्ट पार्न कार्यक्रमले महत्वपूर्ण योगदान पुऱ्याउने उनको भनाइ थियो। कार्यक्रममा कोहलपुर नगरपालिका क्षेत्रमा गठन गरिएका टोल विकास संस्थाका पदाधिकारीहरूको सहभागिता रहेको थियो।

# ऐश्वर्या बहुमुखीमा वृक्षारोपण र सरसफाई

**मिसन संवाददाता**
*कैलाली, २१ चैत*

ऐश्वर्या बहुमुखी क्याम्पसको स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) ले क्याम्पस हाताभित्र वृक्षारोपण र सरसफाई गरेको छ। हालै निर्वाचित सभापति दीपकराज भट्टको नेतृत्वमा सम्पन्न कार्यक्रममा क्याम्पस परिसरलाई सफा र हराभरा बनाउने उद्देश्यले विभिन्न प्रकारका फूलका बिरुवा रोपिएको हो।



सभापति भट्टका अनुसार क्याम्पसको वातावरणलाई स्वच्छ राख्न तथा हरियाली प्रवर्द्धन गर्न वृक्षारोपण अभियान थालिएको हो। विद्यालय हाताभित्र फूलका बिरुवा तथा अन्य बिरुवाहरू रोपिएका छन्। 'हामी बस्ने र अध्ययन गर्ने स्थान स्वच्छ, हरियाली र आकर्षक बनाउनुपर्छ भन्ने उद्देश्यले यो अभियान सञ्चालन गरेका हौं,' भट्टले बताए।

स्ववियुको आयोजनामा भएको वृक्षारोपण तथा सरसफाई कार्यक्रममा क्याम्पसका विद्यार्थी, शिक्षक, कर्मचारीको उपस्थिति रहेको थियो। सहभागिले क्याम्पसको वातावरणलाई थप सुन्दर बनाउने अभियान निरन्तर सञ्चालन गरिने बताए।


Lumbini Province Government
Ministry of Urban Development and Water Supply
**Urban Development & Building Office**
Nepalgunj, Banke

**Invitation for Bids**

IFB No.UDBO/BANKE/WORK/081-082-15 Date of publication: 2081/12/22

1. Urban Development & Building Office, Banke invites electronic bids from Nepalese eligible bidders for the Construction Of following work under Sealed Quotation Bidding procedures.

| S. N. | Contract Identification No. | Brief description of the Works | T.Estimated Amount (with Vat & Contg.) | Bid document price (NRs.) | Bid Security Amount (NRs.) |
|---|---|---|---|---|---|
| 1. | UDBO/BANKE/SQ/WORK/ ASPHALT.BANSAGADHI-8/081-082/06 | Construction of Asphalt Widening Works at Bansgadhi-8 P.C.O Chowk to Jhanaiya, Bardiya | 1999862.54 | 1000 | 50000 |
| 2. | UDBO/BANKE/SQ/WORK/MADARSHA. ESLAMIYA.BLG/081-082/33 | Construction of Madarsha Eslamiya Gulshane khowaja Building at Khajura-7, Banke | 1999769.48 | 1000 | 50000 |
| 3. | UDBO/BANKE/SQ/WORK/JESTHA. NAGARIK.JUKTINAGAR.BLG/081-082/38 | Construction of Ground Floor in Jestha Nagarik Bhawan Bansgadhi-4, Bardiya and Construction of juktinagar Samudayak Building at Badhaiyatal-9 Juktinagar, Bardiya | 1999190.67 | 1000 | 50000 |
| 4. | UDBO/BANKE/SQ/WORK/DRAIN. UPGRADATION.KOHALPUR-9-15/ 081-082/46 | Construction of RCC Drain from Channahuwa Gohawa to North khelkud Maidan at Kohalpur-15 and Upgradation of Road from Ganesh Tol to Nepalgunj Highway at Kohalpur-9, Banke | 1999331.24 | 1000 | 50000 |
| 5. | UDBO/BANKE/SQ/WORK/ BHAWAN.BARBARDIYA-6/081-082/56 | Construction of Samudayik Baithak Truss Bhawan at Barbardiya-6, Bardiya | 999677.23 | 1000 | 25000 |
| 6. | UDBO/BANKE/SQ/WORK/ JESTH-NAGARIK.BLG/081-082/58 | Construction of Jestha Nagrik Building, Nepalgunj-4, Banke | 999875.93 | 1000 | 25000 |
| 7. | UDBO/BANKE/SQ/WORK/PLUM. DRAIN/081-082/60 | Construction of Plum Concrete Drain at Raptisonari-8 Balapur and 9 Sahid Pratiksha to Purwa Buchapur, Banke | 1999721.61 | 1000 | 50000 |
| 8. | UDBO/BANKE/SQ/WORK/ DRAIN.RAPTISONARI-4/081-082/61 | Construction of RCC Drain at Raptisonari-4 Lamidanda Rajpur Kumbar, Banke | 999603.55 | 1000 | 25000 |
| 9. | UDBO/BANKE/SQ/WORK/DRAIN/ 081-082/62 | Construction of RCC Drain at Raptisonari-5 Chalahariya & Raptisonari-6 Danda Tepari Chhadakpur, Banke | 1999625.08 | 1000 | 50000 |
| 10. | UDBO/BANKE/SQ/WORK/ HADIYA.PCC/081-082/64 | Construction of RCC Drain and PCC Road From Hadiya Baba road to Mansur Aarfiq House Nepalgunj-6, Banke | 999947.25 | 1000 | 25000 |
| 11. | UDBO/BANKE/SQ/WORK/ REDCROSS.BLG/081-082/65 | Construction of FF Building of Nepal Red Cross Society at Manikapur Nepalgunj-20, Banke | 999734.59 | 1000 | 25000 |
| 12. | UDBO/BANKE/SQ/WORK/ PARAM.FARM/81-082/66 | Construction of Param Organic Farm at Kohalpur-3, Banke | 999778.19 | 1000 | 25000 |
| 13. | UDBO/BANKE/SQ/WORK/ RETAINING.WALL /81-082/74 | Construction of Retaining Structure Gurdaingaidi Khairbhati, Raptisonari-4, Banke | 999859.55 | 1000 | 25000 |

2. All bidders shall only submit their bid electronic and bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egpon or before 12:00 Noon on 2082/01/07. For more detail information download the Bidding Document.

Acting Office chief


# सिमकोटमा ४ हजार क्विन्टल खाद्यान्न मौज्दात

**मिसन संवाददाता**
*हुम्ला, २१ चैत*

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको सिमकोट शाखाको गोदाममा खाद्यान्न मौज्दात सन्तोषजनक देखिएको छ।

अघिल्लो वर्ष कै खाद्यान्न मौज्दात रहनु र यसवर्ष पैदल मार्गबाट खाद्यान्न ढुवानी सुरु भएपछि हालसम्म मै गोदाममा मौज्दात राम्रो देखिएको हो।

लिमिटेडको गोदाममा ४ हजार ८१२ दशमलव ४३ क्वीन्टल खाद्यान्न मौज्दात रहेको लिमिटेड हुम्ला शाखाका प्रमुख कृष्णबहादुर थापामगरले बताए। उनका अनुसार नयाँ आर्थिक वर्षको खाद्यान्न ढुवानी कार्य जारी रहेको बेला यो मौज्दात खाद्यान्न हालसम्म कै राम्रो रहेको छ।

अघिल्लो आर्थिक वर्षको निर्धारित कोटाको खाद्यान्न सबै ढुवानी भएर आएको र यस वर्षको पनि पैदल मार्गबाट खाद्यान्न ढुवानीको व्यवस्था भएको कारण मौज्दात राम्रो देखिएको उनले बताए।

पहिले जस्तो सर्वसाधारणले जति पाएपनि खाद्यान्न घरमा लिएर भण्डारण गर्ने प्रबृति हटेको कारण पनि गोदाममा खाद्यान्न मौज्दात राम्रो देखिएको हो।

सर्वसाधारणलाई आवश्यकताका आधारमा लिमिटेडको शाखाले खाद्यान्न बिक्री गर्ने गरेको छ।

यसवर्ष १३ हजार खाद्यान्न कोटा शाखा कार्यालयको लागि निर्धारण गरिएकोमा हालसम्म ३ हजार २३३ दशमलव पचास क्वीन्टल खाद्यान्न ढुवानी भई सकेको छ। भने ढुवानी हुने क्रम जारी रहेको छ। अब ९ हजार ७६६ दशमलव पचास क्वीन्टल ढुवानी भएर आउन बाँकी रहेको छ।


**Infrastructure Development Directorate**
Birendranagar, Surkhet

**Notice to Open Financial Bids**

**First Date of Publication: 2081/12/22 (4th April, 2025)**

Persuant to Rule 31 (JA), Sub-Rule-5 of Public Porcurement Regulation, 2064 (including amendment) this is notified to all concerned bidders who bided as per our notice no. IFB No: 6-081/082, published in www.bolpatra.gov.np./egp and Saurya National Daily dated 2081/10/04 that the list of substantially responsive bids of successful bidders in Technical Purposals of the following contract number/title have been listed below. All the qualified bidders in technical bids are therefore notified to present for financial opening of bid on 2081/12/29 (11th April, 2025) at 12:00 hrs in the Infrastructure Development Directorate, Birendranagar, Surkhet.

| S.N. | Contract ID/Title | Name & Address of Successful Bidders |
|---|---|---|
| 1 | IDD/SKT/W/NCB/ 49/081-082 Construction of Cheda Gadi Lekhgaun Shreechaur Kalyankadha Road, Surkhet | M/S New Dipak Nirman Sewa, Birendranagar-8, Surkhet |
| | | M/S Shree Basana Nirman Sewa Raskot -5, Kalikot |
| | | M/S Star/K.B/KNS JV, Birendranagar-11, Surkhet |
| | | M/S Srijana /MK JV, Butwal-11, Rupandehi |
| | | M/S B.I.S Construction Pvt.Ltd. Dhulikhel-8, Kavre |
| | | M/S MANGAL SHUBHA/RAJBIR JV, Sinamangal-9, Kathmandu |
| | | M/S Bagmati Developers and Construction Pvt. Ltd, Kathmandu |
| | | M/S Shyam and Shankar Construction Pvt. Ltd., Syuchatar-1, Kathmandu |
| | | M/S Subha N.S/Shree Krishna/Gauchan JV, Kathmandu |
| 2 | IDD/SKT/W/NCB/ 48/081-082 Construction of Mulpani Falate Ranighat Road, Surkhet | M/S Satyawati construction pvt.ltd., Kathmandu |
| | | M/S Shyam and Shankar construction pvt. Ltd., Syuchatar-1, Kathmandu |
| | | M/S P.S./New dipak /Laxman JV, Dillibazar 29, Kathmandu |
| | | M/S Pandey/Indrayani/Raktakanya JV, Kathmandu |
| | | M/S P.M./Purnachandi/Super like JV,Jorpati, Kathmandu |
| | | M/S Nawa kantipur/Bhandari JV., Maharajgung-4, Kathmandu |
| | | M/S PK Nirman Sewa Pvt. Ltd., Ghorahi-6, Dang |
| | | M/S Shree Basana Nirman Sewa, Raskot-5, Kalikot |
| | | M/S Khadka Nirman Sewa Pvt. Ltd., Baijanath-1, Banke |



**Bangad Kupinde Municipality**
**Office of Municipal Executive**
Devasthal, Salyan
Karnali Province, Nepal

**Invitation for Bids**

**First Date of Publication: 2081/12/22 (4th April 2025)**

1. Bangad Kupinde Municipality invites electronic bidsfrom Nepalese eligible bidders for the construction of Following Projects.

| S. N. | Contract Identification no | Description of Works | Cost of Bidding Documents Nrs | Estimated cost (Including VAT & PS) | Amount Of Bid Security | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | BAKUNAPA/NCB/ WORKS-17-2081/082 | Construction of School Building, Janata Pra.Vi Karakot | 3000 | 33,48,984.84 | 87,500 | Electronic bids only |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of BangadKupinde Municipality Devsthal,Salyan **088-411060** may visit PPMO website www.bolpatra.gov.np/egp.Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office .
3. Eligible Bidders download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp. Bidders submitting their bid electronically should deposit nonrefundable fee of bidding document in the Projects Rajaswo (Revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher , Company/firm registration certificate,Tax clearance fY 2080/081 and VAT/PAN Registration shall be uploaded by the bidder at the time of electronic submission of the bids.

**Information to deposit the cost of bidding document in bank.**

| | |
|---|---|
| **Name of the Bank** | **Laxmi Sunrise Bank Limited, Sallibazar Branch** |
| **Name of Office** | **Bangad Kupinde Municipality** |
| **Office Code no** | **80106112** |
| **Office Account no (Rajaswa)** | **06903000017** |
| **Office Account no (Dharauti)** | **06903000169** |
| **Rajaswo (Revenue) Shirsak no.** | **33114** |

4. Electronic bids must be submitted to Bangad Kupinde Municipality Devasthal, salyan office through PPMO website **www.bolpatra.gov.np/egp** on before 2082/01/22 at 12:00 Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders representatives who choose to attend at 2082/01/22 at 13:00 the office of Bangad Kupinde Municipality Office Devsthal, Salyan. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in (.pdf) format, which shall be valid for 30 days beyond the validity period of the bid 2082/05/ 30
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. Municipality reserves the right to accept or reject wholly or partially, any or all the bids without assigning.
8. Other rules should be as per public procurement Act 2063, Public procurement Regulation 2064.

**Chief Administrative Officer**

## सम्पादकीय

# बालसुधार गृहको समस्या समाधान गरियोस्

कानुनी विवादमा परेका बालबालिकाहरूलाई राख्नका लागि सरकारले विभिन्न जिल्लाहरूमा बालसुधार गृहको स्थापना गरेको छ । बाँकेमा पनि हाल दुईवटा बालसुधार गृह सञ्चालनमा रहेका छन् । बालसुधार गृहमा महिनौँपिच्छे एकआपसमा झडप हुने र बालबिज्याइँकर्ताको मृत्युसमेत हुने गरेको पाइएको छ । बाँकेका बालसुधार गृहमा यस्ता घटनाहरू दोहोरिरहने गरेका छन् । बालबन्दीहरू बीचमै एकआपसमा झडप हुने गर्दा यो समस्या दोहोरिरहेको छ । बालसुधार गृहमा बालबन्दीहरूले अराजकता मच्चाउने, समूह बनाएर एकअर्कामाथि हमलामा उत्रिने, लुटपाट गर्ने र आगजनी गर्ने जस्ता कृयाकलापहरू गर्दै आएको पाइन्छ । बालसुधार गृहमा १८ वर्ष उमेर पूरा गरेका बन्दीहरूले समूह निर्माण गरेर एकअर्कामाथि आक्रमण गर्ने गर्दै आएको पाइन्छ । बालबन्दीहरूले बालसुधार गृहमा आतंक मच्याइरहँदा सुरक्षाकर्मीले भने टुलुटुलु हेरेर बस्नुभन्दा केही गर्न सक्दैनन् । कतिपय घटनाहरूमा उल्टै प्रहरीमाथि आक्रमण गरी उनीहरूले प्रहरीलाई नै गम्भीर घाइतेसमेत बनाउँदै आएको पाइन्छ । बालबालिकासम्बन्धी ऐन २०७५, बालबालिकासम्बन्धी नियमावली २०७८ र बालन्याय सम्पादनसम्बन्धी कार्यविधि २०८० मा रहेको व्यवस्थाले प्रहरीलाई बालसुधार गृहमा रहेका बन्दीहरूमाथि बल प्रयोग गर्ने छुट दिँदैन् ।

सादा पोशाकका प्रहरीले मात्रै भित्री सुरक्षा दिन मिल्ने कानुनी व्यवस्थाको दुरूपयोग गर्दै अराजक बन्दीहरूले पटक-पटक समस्या सृजना गर्ने गरेको पाइन्छ । समस्या समाधानका लागि प्रहरी पुग्दा अवरोध सृजना गर्ने गरेका छन् । बालबालिकासम्बन्धी ऐन २०७५ मा सानो उमेरमै कानुनी विवादमा परेका बन्दीहरूलाई उक्त कसुरमा तोकिएको अवधि पूरा नभै १८ वर्ष उमेर नाघेमा पनि अरू बन्दीबाट अलग रहनेगरी बालसुधार गृहमै राख्नुपर्ने व्यवस्था गरेको छ । त्यसरी १८ वर्ष पार गरेका बन्दीहरू नै अराजक क्रियाकलापमा संलग्न हुने गरेको पाइएको छ । बालसुधार गृहमा लागूऔषधसमेत पुग्ने गरेको र दुर्व्यसनीहरूले पनि समस्या सृजना गर्ने गरेको पाइन्छ । १८ वर्षमाथि उमेर पुगेका बालबन्दीहरूकै कारण समयसमयमा घटनाहरू हुँदै आएको पाइन्छ । यो समस्यालाई दीर्घकालीनरूपमा समाधान गर्नका लागि नीति निर्माणकर्तादेखि सम्बन्धित सरोकारवाला निकायको गम्भीर ध्यानाकर्षण हुनु जरुरी छ । बालसुधार गृहहरूमा सुरक्षा चुनौती पनि थपिँदै गएका छन् । झडप भइरहने घटनाले बालसुधार गृहलाई असुरक्षित गृह बनाइदिएको छ । सुधार गृह अराजक अखडा मात्र हैन, विकृति विसंगती फैलिने र फैलाइने उर्वर थलोको रूपमा विकास हुँदै गएको पाइन्छ । सुधार गृहमै व्यापक सुधार गर्नुपर्ने देखिन्छ । बालसुधार गृहमा राज्यले लगानी र सुविधा थप्नु जरुरी छ । नाबालक हुँदा गरेको कसुरमा सुधार गृहमा जाने बालबालिका बालिग भएपछि पनि त्यहीँ बस्नुपर्ने कानुनी व्यवस्था छ । नाबालक हुँदा गरेको अपराधको साजय बालसुधार गृहमै पूरा गर्नुपर्ने कानुनी व्यवस्थाका कारण पनि समस्या देखिएको पाइन्छ ।

बालगृहको अवधारणा अनुसार सबै बालसुधार गृहहरूमा बालबालिकाहरूको उचित स्वास्थ्य उपचार, स्वस्थकर तथा पोसिलो खाना, अध्ययन व्यवस्था, बालमैत्री बोली वचन तथा व्यवहार लगायतका सुविधा हुनु जरुरी छ । दीर्घकालीन रूपमा बालगृह सुधारको समस्या समाधान गर्नका लागि बालसुधार गृह सञ्चालन सम्बन्धी न्यूनतम मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याउनु जरुरी छ । चुनौतीलाई सामना गर्ने दीर्घकालीन रणनीति बनाउनु पर्ने देखिन्छ । बालिग र नाबालिगलाई अलग अलग राख्ने र बालमैत्री व्यवस्थापनमा जोड दिन आवश्यक छ । उनीहरूलाई गुणस्तरीय शिक्षा, समय परिस्थिति अनुसार खाना, उचित बस्ने स्थान, स्वास्थ्य सेवाको व्यवस्था, बालमैत्री भवन, सोही अनुसारको सुत्ने कोठा, लत्ताकपडा आदिको उचित व्यस्थापन हुनु जरुरी छ । कानुनी विवादमा परेका बालबालिकाहरूको मुद्दा छिटो किनारा लगाउनुपर्ने, उनीहरूको मनोविज्ञान बुझ्ने र उनीहरूलाई सिर्जनात्मक कार्यमा लगाउने वातावरण बनाउन सके केही हदसम्म भएपनि आपसी झडप रोकथाम र न्यूनीकरण गर्न सहयोग पुग्ने देखिन्छ । समयसमयमा हुने आपसी झडप रोकेर शान्त वातावरणमा बालसुधार गृहलाई निरन्तरता दिनका लागि सम्बन्धित सरोकारवालाले दीर्घकालीन योजना बनाएर कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

# एकाग्रतासहितको मेहनत र निरन्तरताबाट सफलता



नेत्र सुवेदी 'प्रयास'

यदि नजिकको पसलमा वा मार्टमा सफलता, इज्जत, आत्मबल, स्वास्थ्य, समुन्नति प्याकेजमा किन्न पाए हामी सबै तयार हुन्थ्यौँ होला । अहिलेको जमानामा त झन् 'होम डेलिभरी' हुनेगरी नै 'अनलाइन'मा 'अर्डर' गर्थ्यौँ होला । अरूले थाहा नपाउँदै उक्त प्याकेज झिकाउन पाए थप खुसी हुन्थ्यौँ होला । तर यी दुर्लभ कुराहरू पाउनका लागि हामीहरूले आफैँले प्रण गर्नुपर्दछ, मेहनत गर्नुपर्दछ, त्यस्तो मेहनतलाई निरन्तरता दिनुपर्दछ भन्नेमा चाहिँ कमैको ध्यान पुगेको हुन्छ । सफलता मिल्यो भने खुसी भइने हुनाले सफलता मिल्नुलाई खुसी प्राप्तिको साधनका रूपमा व्याख्या गरेको पाइन्छ । साधना, शान्ति र आनन्दजस्ता खुसी प्राप्तिका माध्यम सम्बन्धमा भने यस लेखमा चर्चा गरिएको छैन । हाम्रो समय बर्बाद गर्ने क्रियाकलाप र खराब बानीबाट कसरी छुटकारा पाउने भन्नेतर्फ आउने हरफहरू केन्द्रित रहनेछन् ।

एउटा घतलाग्दो प्रसङ्ग के छ भने लतसँग जोडिएका क्रियाकलापबाहेक कुनै पनि नयाँ काम गर्नुभन्दा नगर्नु सरल नै हुन्छ । तर जीवनमा केही न केही गर्ने र समाजमा राम्रो छाप छाड्ने हो भनेर मनैदेखि लागिपरेकाहरू भने जोखिम किन नहोस् काम गर्ने भनेर अग्रसर हुने गर्दछन् । साना साना दैनन्दिनका छनोट वा निर्णयले हाम्रो जीवनलाई सार्थक र रहरलाग्दो बनाउन सहयोग पुग्दछ । तर त्यस्ता छनौटहरू भने सजगतापूर्वक लिइएको हुनुपर्दछ । सामान्यतया हामीले लिने निर्णयहरू ९५ प्रतिशत जति त तिनका गुण दोषको विश्लेषण नै नगरी वा अझ भनौँ बेहोसीमा वा अर्धचेतनामा लिने गरिएको अध्ययनको निष्कर्ष छ । के खाने, कहाँ जाने, के काम गर्ने, के कस्तो व्यक्तिसँग समय बिताउने, हरेक दिन के कस्तो उपलब्धि हासिल गर्ने, आदि सुन्दा सामान्य लाग्ने यी क्रियाकलाप तथा प्रवृत्तिले पनि जीवनमा विशेष अर्थ राख्दछन् । तत्काल प्रशंसा वा आनन्द बटुल्नुभन्दा पनि दीर्घकालमा राम्रो नतिजा दिने खालका कामका लागि समय लगानी गर्नु आवश्यक छ । भनिएको छ कि हामी माथिमाथि जानु छभने आफूलाई तलतल तान्ने तत्वहरूबाट जोगिनु जरुरी छ ।

दीर्घकालीन रूपमा सफलता प्राप्ति गर्न धेरै सङ्ख्यामा फरक कार्य गर्ने नभई केही राम्रा काम धेरै समयसम्म गरेर प्राप्त हुन्छ भन्छन् 'कम्पाउण्ड इफेक्ट' नामक चर्चित पुस्तकका लेखक डारेन हार्डी । उनी सफल व्यवसायी पनि हुन् । उनले जीवनमा आफैँले भोगेका विषय र सक्सेस म्यागेजिनमा अन्तर्वार्ताकारका रूपमा काम गर्दा धेरै विज्ञबाट उनले सिकेका सन्दर्भहरू पुस्तकमा उल्लेख गरेका छन् । गरेर देखाएका र हजारौँ व्यावसायिक लिडर र सफल व्यक्तिसँग जोडिएका तथा मौखिक तथा लिखित रूपमा अरूलाई प्रेरणा दिने मामिलामा उनी एक चर्चित र ज्वलन्त अगुवा हुन् । त्यसो त भन्ने मात्र होइन गर्नेका कुरा अवलम्बन गर्नु बेस हुन्छ नै । सफलता प्राप्तिको लागि केही आधारभूत विषयहरू हामीले अवलम्बन गर्न सक्नुपर्दछ । ती आधारभूत पक्षको समग्र प्रभाव निस्कनका लागि भने हामीमा उपयुक्त खालको 'अपरेटिङ सिस्टम' अर्थात् सञ्चालन प्रणाली तुलनात्मक रूपमा लामो समयसम्म प्रयोगमा ल्याउनु जरुरी हुन्छ ।

साना उपलब्धिमा ठूलो सफलता लुकेको हुन्छ । जोन सी म्याक्सवेलले ठिकै भनेका छन् जीवनमा साँच्चिकै परिवर्तन ल्याउने हो भने दिनहुँ केही परिवर्तन गर्न तयार रहनुपर्दछ । साना भए पनि सही छनोट गरिएका विषयहरूमा निरन्तरता दिन सकेमा निश्चित समयपश्चात् प्राप्त हुने भनेको ठूलो उपलब्धि नै हो । यदि कुनै दुईजना उस्तै उमेरका व्यक्तिमा फरकफरक खालको 'डाइटेरी' संरचना उपलब्ध गराएर नतिजा मापन गर्न खोजियो भने पनि एक वर्ष अवधिसम्म पनि खासै अन्तर अनुभूत हुँदैन । सामान्य फरक २१ महिनामा र देखिनेगरी अन्तर २७ महिनामा देखिने अध्ययनले देखाएको छ । तर हामीहरू भने केही दिन वा महिनामै नतिजा खोज्छौँ र प्राप्त नभएमा आफ्नो अभियान त्याग्दछौँ ।

हामी कार्यरत रहेका संगठन वा समूहमा वा घरपरिवारमा बचत वृद्धि गर्ने वा खुसी वृद्धि गर्ने वा स्वास्थ्य सुधार गर्ने साना तर प्रभावकारी सिद्ध भएका उपायहरूका सम्बन्धमा छलफल गर्न सकिन्छ । प्रत्येक ठूला भनिने काम, प्रत्येक लामो भनिएको यात्रा पनि सानो पाइलाबाटै सुरु हुने हो । 'एटोमिक हेविट' नामक चर्चित पुस्तकका लेखक ब्रियान ट्रेसीले हरेक दिन एक प्रतिशतको दशांश मात्र पनि सुधार गर्दै गइयो भने १० वर्षमा एक हजार प्रतिशत सुधार हुने तर्क अघि सार्दै जीवनमा सानासाना सुधारको महत्व हुने विषयलाई गहकिलो पाराले उल्लेख गरेका छन् । सफलताको यो नियम जोसुकैलाई लागू हुन्छ । यदि नियम पालना गर्न सकियो र धैर्यपूर्वक आफ्नो मार्गमा लगनशीलतापूर्वक काम गरियो भने प्राप्त हुने सफलता लोभलाग्दो हुन पुग्दछ ।

**खराब बानीलाई कसरी हटाउने ?**

जसरी बिरुवा जति ठूलो भयो त्यति जरा माटोभित्र धेरै तल पुग्ने र फैलने हुँदा उखेल्न गाह्रो हुन्छ । त्यसैगरी, गलत बानी हटाएर राम्रो बानी हुर्काउनका लागि पनि यही नियम लागू हुन्छ । भनिन्छ कि हामी अक्सर जे गर्दछौँ, त्यही क्रियाकलापले नै हामीमा बानी विकास हुन जान्छ । हाम्रो प्रवृत्ति वरिपरिको परिवेशअनुसार नराम्रो बानी सजिलै विकसित हुने र यदि लामो समयसम्म त्यस्तो बानी जारी रह्यो भने हटाउन मुस्किल पर्ने हुन्छ । राम्रा बानीको विकास गरेर सोप्रति सदा सचेत रही निरन्तरता दिनु गलत बानी हटाउने उपाय हो । लेखक हार्डीका अनुसार खराब बानी त्याग्न वा बिर्सन र असल बानी विकास गर्न हामी तयार रहनुपर्दछ, अझ भनौँ आँट गर्नुपर्दछ ।

कुनै पनि नयाँ कुरा विभिन्न माध्यमबाट सिकेजस्तै बिर्सने वा त्यसबाट आफूलाई टाढा राख्ने पनि तरिका वा उपाय हुन्छन् नै । शिक्षाशास्त्रमा लर्न, अनलर्न र रिलर्न भनेर नयाँ खालका कौशल सिकाइलाई महत्वका साथ हेर्ने गरिन्छ । एक अध्ययनका अनुसार कुनै असल बानीले पूर्णता पाउन कमसेकम ३०० वटा सकारात्मक पुनर्बल आवश्यक हुन्छ । यसबाट पनि के थाहा लाग्छ भने हामी आफूले विकास गर्न खोजेको असल बानीका लागि लगभग हरेक दिन सचेत रहन सकेमा मात्र एक वर्षको अवधिमा उक्त बानी हामीमा बस्न सक्छ नभए अझ लामो समय लाग्न पनि सक्छ ।

पछिल्ला वर्षहरूमा खासगरी सामाजिक सञ्जाल चलाउने लत बसेका कारणले 'स्क्रिन टाइम' बढेर जाने र जीवनका तमाम क्रियाकलापबीचको उपयुक्त सन्तुलन बिग्रने हुँदा हाम्रा मानवीय सम्बन्धहरूमा, कामको उत्पादकत्वमा, सिर्जनशील सोचमा, स्मरण क्षमतामा, गहिरो निद्रामा, आधिकारिकतामा, भौतिक र मानसिक स्वास्थ्यमा समेत गिरावट आएको छ । त्यतिमात्र नभई प्राथमिकता तय गर्ने र निर्णय गर्ने क्षमतामा समेत ह्रास देखापरेको छ । भित्रभित्रै हामीहरू मृत प्रायः भएका छौँ उमङ्गित हुन सकिरहेका छैनौँ । 'डिजिटल डिभाइस'मा रहने लगावलाई 'डिजिटल एडिक्सन' पनि भनिन्छ । प्रसिद्ध लेखिका क्याथरिन प्राइसका अनुसार यसखाले खराब लतबाट जोगिन मोबाइल प्रयोग कम गर्ने वा नगर्ने गरी मोबाइलमै सेटिङ गर्न सकिन्छ ।

त्यस्तै, घरका केही स्थानलाई मोबाइल फ्री जोन बनाउन सकिन्छ । कन्फेरेन्स रूपमा मोबाइल प्रयोग नगर्ने नियम बनाउन सकिन्छ । यसको साथै कम्प्युटर वा मोबाइलको सट्टा पेपर वा डायरीमै नोट गर्न लगाउन सकिन्छ । साथसाथै समूहमा रहेर काम गर्ने र सुन्ने, सञ्चार गर्ने सीप र पृष्ठपोषणको लेनदेन गर्ने खालको वातावरण बनाउन सकिन्छ । खराब लत बसिसकेको अवस्थामा यो खालको कार्य वातावरणमा फर्कन भने थप मेहनत आवश्यक पर्दछ नै ।

हाम्रो कार्यसम्पादनमा सुधार ल्याउन वास्तविक प्रतिस्पर्धी हामी आफैँसँग रहेको खराब बानी हो भनेर बुझ्न जरुरी छ । व्यक्ति 'कम्फर्ट जोन'मा रहिरहने वा त्यसको स्थानमा असल बानीको विकास गर्ने भन्ने विषयको निर्णय स्वयंबाटै हुन जरुरी छ । गलत बानी हटाउने पाँचवटा रणनीतिको कुरा गर्दा पहिलो काम भनेको के के अनुभूति वा संवेगले गलत बानी विकसित गर्न प्रेरित गरेको छ, पहिचान गर्नुपर्दछ । यसरी गलत बानीप्रतिको सचेतना बढाउनका लागि को, के, कहाँ र कहिले जस्ता प्रश्न स्वयंलाई सोधेर पनि मनन गर्न सकिन्छ । दोस्रो उपाय भनेको आफू अक्सर रहने घर वा अफिसमा गलत बानीसँग सम्बन्धित चीजवस्तु अर्थात् गलत लतलाई सम्झाउने चीजबीज हटाउनुपर्दछ । जस्तो पेयपदार्थको लत छभने किन्न छाडिदिने, उपहार पनि नलिने र पेयपदार्थ पिउन प्रयोगमा आउने गिलासहरू पनि हटाउनु राम्रो हुन्छ ।

टेलिभिजन हेर्ने लत छभने केबुल लाइनको सेवा हटाउनु उपयुक्त हुन्छ । तेस्रो उपाय भनेको कुनै उपयुक्त विकल्पबाट प्रतिस्थापन गर्नु राम्रो हुन्छ । जस्तो कोक पिउनुको सट्टा लेमन वाटर पिउने, जङ्क फुडको आदतको सट्टा गाजर, मूला खाने गर्नु राम्रो हुन्छ । चौथो भनेको लामो समय लगाएर विकसित बानीलाई क्रमिक रूपमा हटाउँदै जानु ठीक हुन्छ । जस्तै कफी पिउन बन्द गर्नुपर्‍यो भने सुरुमा आधा कटौती गर्ने र बिस्तारै पूरै हटाउनु सहज हुन्छ । पाँचौँ रणनीति भनेको कुनै कुनै बानीको हकमा एकै झट्कामा लत हटाउनु उपयुक्त हुने अनुसन्धानबाट देखिएको छ । जस्तै मुटुको रोगसम्बन्धी गम्भीर समस्या देखिएका बिमारीलाई चिल्लो खाना दिन तत्काल रोक्ने र उसिनेको सामान्य भेजेटेरियन खाना दिने तथा विज्ञको उपस्थितिमा नियमित सेसन सञ्चालन गरियो भने १५ दिनमै समस्या हट्दै जान सक्छ ।

**असल बानी विकसित गर्न के गर्ने त ?**

जीवनमा सफलता प्राप्त गर्नका लागि निर्धारण गरिएका उद्देश्यहरू प्राप्तिमा बाधकका रूपमा रहेका कम से कम तीनवटा आनीबानी पहिचान गर्ने र आफूले विकसित गर्न खोजेका तीनवटा आनीबानी पत्ता लगाउने काम नै सुधारको सुरुआत हुनसक्छ । डारेन हार्डीले कम्पाउन्ड इफेक्ट पुस्तकमा उल्लेख गरेअनुसार असल बानी विकास गर्नका लागि छवटा सरल तरिका अवलम्बन गर्न सकिन्छ । पहिलो भनेको सफलताका लागि मेहनत गर्न तयार रहनु हो । के खाने, स्वास्थ्य कस्तो राख्ने र के कस्ता विचलनबाट कसरी जोगिने भन्ने विषय यसमै पर्दछन् ।

दोस्रो विषय भनेको कुनै राम्रो कुरामा लत लगाउनु हो । के चाहिँ खान्न भन्नुभन्दा पनि अब आउने दिनमा के चाहिँ खाने भन्ने छनोट गर्नु र व्यवहारमा उतार्नु महत्वपूर्ण हुन्छ । अक्सर गरिने सङ्गत र जाने स्थानमा समेत यो लागू हुन्छ नै । तेस्रो भनेको आफूले सुधारेको बानी वा कायम राखेको असल बानी वा चरित्रका सम्बन्धमा सार्वजनिक रूपमै जवाफदेहिता प्रदर्शन गर्नु । यो विषय धुमपान वा मद्यपान छोड्न वा सामाजिक सञ्जालमा धेरै समय नदिनका लागि पनि लागू हुन सक्छ । चौथो भनेको प्रतिस्पर्धाका साथमा साथित्वभाव र रमाइलोपन पनि आवश्यक पर्दछ । उत्कृष्ट कार्यसम्पादन गर्ने क्षमता राख्ने साथी भेटियो भने उसबाट समेत आफूलाई केही राम्रो गरौँ भन्ने ऊर्जा प्राप्त हुन्छ । छैटौँ चाहिँ कुनै राम्रो उपलब्धिपश्चात् आफैँलाई दिइने पुरस्कार वा मनाइने उत्सव हो । यसमा कार्यक्षेत्रबाट बाहिर घुम्न जाने, मनोरञ्जन गर्ने जस्ता विषय पर्दछन् ।

आफूलाई मार्गदर्शक बन्ने सल्लाहकारहरूको समूह बनाएर उनीहरूबाट समयसमयमा आइडिया लिन सकिन्छ । त्यसरी मार्गदर्शक वा गुरुको चयन गर्दा विषयविज्ञता, सिर्जनशीलता र श्रद्धा वा सम्मान जाग्ने खालको व्यक्तिको छनोट हुन सके झनै राम्रो मानिन्छ ।

जिन्दगी लामो वा छोटो होला तर यसलाई अर्थपूर्ण बनाउने मुख्य जिम्मेवारी भने स्वयंमै भर पर्ने विषय भने बिर्सनु हुँदैन । इमान्दारीपूर्वक गरिने मेहनत र उद्देश्यप्राप्तिका लागि असल बानीको निरन्तरता नै सफलता प्राप्तिको सही मार्ग हो । -रासस

# थारूको जनसङ्ख्याका आधारमा प्रतिनिधित्व



गङ्गाराम चौधरी डगौरा



प्रतिनिधि सभाको अनुभव मेरो लागि नयाँ हो । विसं २०७९ को निर्वाचनबाट निर्वाचित भएको हो । त्यो भन्दा पहिला सांसद भएको थिइन् । सुरूमा संघीय संसद् प्रतिनिधि सभाले गर्नुपर्ने काम, कर्तव्य, अधिकारका बारेमा अध्ययन गर्न समय लाग्यो । संसदीय नियमावली अध्ययन गर्न समय लाग्यो । हामी सांसदको काम भनेको कानुन बनाउने हो । तर जनताको बुझाइ फरक छ । जनताले सांसदबाट विकास अपेक्षा गरेका छन् । विकास सांसदले होइन सरकारले गर्ने हो । त्यो कुरा जनताको बुझाइमा फरक परेको छ ।

खासगरी जनताका मुद्दालाई संसद्मा उठाउँदै आएको छु । संसद्मा उठाएका कतिपय सवाल कार्यान्वयन पनि भएको छ । प्रतिनिधि सभा जनताको सार्वभौमसत्ताको प्रयोग गर्ने एक महत्वपूर्ण संस्था हो । शासन प्रणालीमा नीति निर्धारण तथा कानुन निर्माण गर्नेजस्तो महत्वपूर्ण कार्य व्यवस्थापन कार्यविधिका माध्यमबाट यसले सुनिश्चित गर्दछ । संविधान केही हदसम्म कार्यान्वयन भएको छ । कार्यान्वयन हुन अझै बाँकी छ । शिक्षा ऐन, निजामती ऐन र प्रहरीलगायतका महत्वपूर्ण ऐन बन्ने क्रममा छन् । सरकारले अध्यादेशमार्फत सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश-२०८१ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व पहिलो संशोधन अध्यादेश-२०८१ ल्याएको छ । त्यसैगरी नीजिकरण संशोधन अध्यादेश-२०८१ र आर्थिक तथा व्यावसायिक वातावरण सुधार लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश-२०८१ र सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश-२०८१ ल्याएको छ । यी अध्यादेशमध्ये कतिपय विधेयक प्रतिनिधि सभाबाट पारित भएका छन् ।

महिलाको हकबाट हेर्दा पनि संविधान केही मात्रामा कार्यान्वयन भएको छ । प्रतिनिधि सभाको सवालमा धारा ८४ उपदफा ८ मा व्यवस्था गरिएको 'संघीय संसद्मा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य सङ्ख्याको कम्तीमा एकतिहाइ महिला हुनुपर्ने' व्यवस्था कार्यान्वयन भएको छ । अहिले प्रतिनिधि सभामा ३४ प्रतिशत महिलाको सहभागिता छ । तर थारू समुदायका बारेमा संविधानमा उल्लेखित व्यवस्था कार्यान्वयन हुनसकेको छैन । 'संविधानको धारा १८ र धारा ४२ ले राज्यको हरेक तह र तप्कामा थारू समुदायको समानुपातिक समावेशीको सिद्धान्तअनुसार सहभागी हुने सनिश्चितता गरेको छ । तर त्यसको कार्यान्वयन हुनसकेको छैन ।

मौलिक हक कार्यान्वयनका लागि संविधानको धारा ४७ ले संविधान लागु भएको तीन वर्षभित्र कानुन बनाई कार्यान्वयन गर्ने बाध्यात्मक व्यवस्थासमेत गरेको छ । त्यसको पनि कार्यान्वयन हुनसकेको छैन । थारू समुदायलाई संविधानले दिएको अधिकारमा स्पष्ट ऐन, कानुन नहुँदा राज्यका हरेक निकायमा अवसर लिनबाट वञ्चित भएका छन् । राज्यले संवैधानिक आयोगका रूपमा संविधानको धारा २६३ मा थारू आयोगको व्यवस्था गरेको छ । थारू आयोग भने गठन भएको छ ।

नेपालको तराई क्षेत्रमा थारू समुदायको सबैभन्दा बढी जनसङ्ख्या रहेको छ । सुर्खेत, दाङ र चितवनलगायत जिल्लाका विभिन्न स्थानमा थारू समुदायको बसोबास छ । सरकारले थारू जातिलाई लोकजातिका रूपमा मान्यता दिएको छ । निजामती, नेपाल प्रहरी, नेपाली सेना र संस्थानलगायत सरकारी जागिरमा थारू जातिको जनसङ्ख्याका आधारमा आरक्षणको व्यवस्था गर्नुपर्छ ।

विसं २०७८ को जनगणनाअनुसार थारू समुदायको जनसङ्ख्या १८ लाख सात हजार एक सय २४ छ । त्यही जनसङ्ख्याका आधारमा राज्यका निकायमा सहभागिताको सुनिश्चित हुनुपर्छ । 'थरुहट प्रदेश' हुनुपर्छ भन्ने हाम्रो माग रहँदै आएको छ । थारू सामुदायको बाहुल्य रहेका गाउँपालिका र नगरपालिकामा सरकारी कामकाजको भाषाको रूपमा थारू भाषालाई मान्यता दिलाउनुपर्ने हाम्रो अर्को माग हो । थारू र मधेसी समुदायका निम्ति संविधान संशोधन गर्न आवश्यक छ । संविधानमा खास अधिकार सुनिश्चित हुनसकेको छैन । पार्टीले आफ्नो स्वार्थका लागि संविधान संशोधन गर्नु हुँदैन । अधिकार नपाएका जनताको पक्षमा संशोधन गर्नुपर्छ ।

सुशासनका निम्ति सरकारले भ्रष्टाचारीलाई कानुनअनुसार कडा कारबाही गर्नुपर्छ । हाम्रो देशमा ठूलाठूला नेताले भ्रष्टाचार गर्दा सरकारले बचाइरहेको हुन्छ । त्यसरी आफ्ना नेता, कार्यकर्तालाई जोगाउने हो भने कसरी भ्रष्टाचार रोकिन्छ । कसरी देशमा सुशासन हुन्छ ? कानुन सबैका लागि समान हुनुपर्छ । देशको अवस्था वर्तमान सरकारले बिगारेको होइन । देशको अवस्था, जनताको अवस्था पहिलेदेखि बिग्रँदै आएको हो ।

पहिलादेखि नै सरकारले सञ्चालन गरेका कलकारखाना र उद्योग बन्द हुँदै आएका छन् । तर यो सरकारले देशभित्र उद्योग र कलकारखाना खोल्नेतर्फ ध्यान दिनुपर्छ । देशभित्र नै रोजगारी निर्माण गर्नेतर्फ सरकारको ध्यान जानुपर्छ । हामीले आयातलाई भन्दा निर्यातमा जोड दिनुपर्छ । अब आयातलाई कम गर्दै जानुपर्छ । उत्पादनमा जोड दिनुपर्छ । सरकारले पनि उत्पादनमा लगानी बढाउनुपर्छ ।

बजेट नेतामुखीभन्दा पनि जनतामुखी हुनुपर्छ । हाम्रोमा नेतामुखी बजेट भएर जनताको अवस्थामा परिवर्तन हुनसकेको छैन । सबै मन्त्रीले आफू निर्वाचित क्षेत्रमा मात्रै बजेट दिने हो भने अरू ठाउँको विकास कसरी हुन्छ ? अरू देशमा पढ्दै काम गर्दै गर्न पाइन्छ । हाम्रो देशको शिक्षा प्रणाली त्यस्तो छैन । हाम्रो देशमा पढेर सकिसकेपछि पनि रोजगारी पाउन गाह्रो छ । त्यसैले सबैभन्दा पहिला शिक्षा प्रणाली नै परिवर्तन गरेर रोजगारमूलक शिक्षा प्रणाली बनाउनुपर्छ । रोजगारसँग सम्बन्धित शिक्षा प्रणाली हुनुपर्छ । नेपाली युवा विदेश जाने अध्ययनका लागि भने पनि कामै गर्न जाने हो । हो, त्यो काम हामीले दिन सक्नुपर्छ नेपालमै ।

*(थारू प्रतिनिधि सभा सदस्य हुन्)*

# कर्णालीमा भ्रष्टाचारको ग्राफ बढ्दै

**कर्णाली प्रदेश सरकारदेखि स्थानीय तहबाट सञ्चालित विभिन्न योजना तथा कार्यक्रममा जनप्रतिनिधि, कर्मचारी र उपभोक्ताबीच मिलेमतोमा काम हुन थालेपछि भ्रष्टाचार बढ्दै गएको छ । कर्णाली प्रदेश सरकार र स्थानीय तहबाट हुने योजना तथा कार्यक्रममा बढी अनियमितता हुन थालेपछि उजुरी आउने क्रमपनि बढेको हो । योजना तथा कार्यक्रममा अनियमितता हुँदा भ्रष्टाचारको ग्राफ पनि बढ्दै गएको छ ।**

**नन्दराम जैशी**
*सुर्खेत, २१ चैत*




कर्णाली प्रदेशमा भ्रष्टाचारको ग्राफ बढ्दै गएको छ। भ्रष्टाचारसम्बन्धी उजुरीको दरको आधारमा कर्णालीमा बर्सेनि भ्रष्टाचारको ग्राफ बढ्दै गएको पुष्टि हुन्छ। अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेतका अनुसार भ्रष्टाचारसम्बन्धी उजुरी आउने दर उच्च छ। कर्णाली प्रदेश सरकारदेखि स्थानीय तहबाट सञ्चालित विभिन्न योजना तथा कार्यक्रममा जनप्रतिनिधि, कर्मचारी र उपभोक्ताबीच मिलेमतोमा काम हुन थालेपछि भ्रष्टाचार बढ्दै गएको छ।

कर्णाली प्रदेश सरकार र स्थानीय तहबाट हुने योजना तथा कार्यक्रममा बढी अनियमितता हुन थालेपछि उजुरी आउने क्रमपनि बढेको हो। योजना तथा कार्यक्रममा अनियमितता हुँदा भ्रष्टाचारको ग्राफ पनि बढ्दै गएको छ। आयोगका अनुसार कर्णालीमा चालू आर्थिक वर्ष २०८१/०८२ को पहिलो चैत २१ गतेसम्म ९ सय १७ वटा मुद्दा दर्ता भएका छन्। तथ्यांक अनुसार हरेक महिनामा मुद्दा गर्ने क्रम बढ्दै गएको छ। आयोगमा परेका मुद्दाहरू लिखित निवेदन, टेलिफोनबाट, इमेल, हुलाक सेवा, पत्रपत्रिका लगाएतको माध्यमबाट प्राप्त भएका हुन्। जसमा सबैभन्दा धेरै मुद्दा इमेल, लिखित र टेलिफोनको माध्यमबाट पर्ने गरेका छ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोग सुर्खेतका सूचना अधिकारी धर्मराज खत्रीका अनुसार आयोगको प्रदेश कार्यालय सुर्खेतले कर्णालीका १० जिल्ला र लुम्बिनी प्रदेशको एउटा जिल्ला हेर्दै आएको छ। हालसम्म परेका उजुरीका आधारमा रूकुम पूर्वका २४, रूकुमपश्चिम ५१, डोल्पा ६३, जुम्ला ८४, मुगु ३५, हुम्ला ६१, कालिकोट ८४, जाजरकोट ८८, दैलेख २१६, सुर्खेत १७७ र सल्यानबाट ५२ वटा मुद्दा परेका छन्।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेतमा उजुरीका चाङ लागेका छन्। आयोगमा सबैभन्दा धेरै उजुरी स्थानीय तहका आउने गरेका छन्। जसमा गत आर्थिक वर्षमा कर्णाली प्रदेशमा २ हजार ७७० मुद्दा परेमा १ हजार ५५९ मुद्दा फर्छौट भएका थिए। भने १ हजार २११ मुद्दा फर्छौट हुन बाँकी सरेर आएका थिए।

सूचना अधिकारी खत्रीका अनुसार गत आर्थिक वर्षमा सरेर आएका र चालू आर्थिक वर्षका गरी कुल मुद्दा सङ्ख्या २ हजार १२८ रहेका छन्। गत वर्ष सरेर आएका मुद्दा र चालू आर्थिक वर्षका गरी हालसम्म १ हजार ८३ मुद्दा फर्छौट भइसकेको उनले बताए। अब १ हजार ४५ वटा मुद्दा फर्छौट हुन बाँकी रहेको आयोगका सूचना अधिकारी खत्रीले जानकारी दिए।

कर्णाली प्रदेशमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गत वन तथा वातावरणतर्फ, भौतिक पूर्वाधार मन्त्रालय अन्तर्गत भौतिक पूर्वाधार तथा यातायाततर्फका र भौतिक पूर्वाधार मन्त्रालय अन्तर्गत खानेपानीतर्फका मुद्दा आयोगमा बढी पर्ने छन्। स्थानीय तहलाई शिक्षा, स्वास्थ्य र विकास निर्माणसँग सम्बन्धित बढी उजुरी पर्ने गरेको अख्तियारको तथ्यांकले देखाएको छ। शिक्षा, स्वास्थ्य र स्थानीय तहसँग सम्बन्धित उजुरीहरू बढी आउने गरेको अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेतले जनाएको छ।

समयमै काम सम्पन्न नभएको, गुणस्तरहीन काम गरेको र विकास निर्माणका कामहरूमा अनियमितता भएको, कर्मचारी नियुक्ति, उपभोक्ता समितिहरूले काम नगरेको, विद्यालय कोषको रकम हिनामिना गरेकोलगायतका विषयमा अख्तियारमा उजुरी पर्ने गरेका छन्।

अख्तियारले निगरानी बढाएका कारण पनि उजुरीको सङ्ख्या बढेको हुनसक्ने अनुमान छ। साथै अख्तियार आयोगले पत्रपत्रिकामा आएका समाचारलाई पनि आधारमानी उजुरी दर्ता गर्ने गरेको छ। कर्णालीका जनप्रतिनिधि, कर्मचारी र उपभोक्ता समितिका पदाधिकारीले गैरकानुनी काममा संलग्नता बढाउन थालेका छन्। अख्तियारको तथ्यांकलाई हेर्दा जनप्रतिनिधि, कर्मचारी र उपभोक्ता समितिका पदाधिकारीसँगै शैक्षिक क्षेत्रमा कार्यरत व्यक्तिहरूबाट पनि गैरकानुनी काममा संलग्नता बढेको देखिन्छ।

कर्णाली प्रदेश सरकारदेखि स्थानीय तहबाट सञ्चालित विभिन्न योजना तथा कार्यक्रममा उनीहरूबीच यस्तो मिलेमतो हुने गरेको पाइन्छ। जसले गर्दा पनि कर्णालीमा भ्रष्टाचारको ग्राफ बढ्दै छ। संघीयता कार्यान्वयनपछि गाउँगाउँमा सिंहदरबारको अधिकार मात्रै पुगेको छैन। स्रोत र अधिकारसम्पन्न स्थानीय तहमा भ्रष्टाचार मौलाउँदै छ। यसमा स्थानीय तहका जनप्रतिनिधि र कर्मचारी मुख्य दोषी देखिन्छन्।

प्रदेशका ७९ पालिकामध्ये अधिकांशका उजुरी अख्तियारमा छन्। अख्तियारको सक्रियतासँगै नागरिकमा सचेतना वृद्धि भएकाले पनि उजुरी आउने क्रम बढेको अख्तियार कार्यालयले जनाएको छ। हाल गाउँघरमा भइरहेका विकास निर्माणका कामहरूमा नागरिकहरूले चासो बढ्न थालेको छ। काम रोकिएको अथवा गुणस्तरीय काम नभएपछि स्थानीयले आयोगलाई सम्बन्धित योजनाको वस्तुस्थितीबारे टेलिफोनमार्फत जानकारी गराउने गरेका छन्।

पछिल्लो समय सूचना प्रविधिको पहुँचका कारण पनि उजुरी आउने क्रम बढेको हो। तर अख्तियारमा आउने सबै उजुरी भ्रष्टाचारका मात्रै नहुने गरेको आयोगले जनाएको छ। अख्तियारको सुर्खेत कार्यालयले परेका उजुरीलाई समयमै अनुसन्धान गरेर फछ्यौंट गर्ने कोशिस गरिरहेको छ। तर सम्बन्धित आर्थिक वर्षमै सबै उजुरी फर्छौट गर्न सकेको छैन्। आयोगमा उजुरीका चाङ लाग्दा आफूले दिएको उजुरीमाथि समयमै सुनुवाईं नभएको भन्दै नागरिकहरूले आयोगमाथि पनि टिप्पणी गर्दै आएका छन्।

## जुम्लाको एकघरमा भिषण आगलागी



**जुम्ला।** जुम्लाको एक घरमा भिषण आगलागी भएको छ। चन्दननाथ नगरपालिका वडा नं ४ स्थित शिवालक्ष्मी न्यौपानेको घरमा भिषण आगलागी भएको हो। बिहीबार भएको आगलागी हुँदा तीन तले घर जलेर पूर्ण रूपमा नष्ट भएको छ। सबै सुरक्षा निकाय,चन्दननाथ नगरपालिकाको दमकल र स्थानीयले आगो नियन्त्रणको प्रयास गरेपनि सम्भव हुन सकेको थिएन्।

ग्याँस लिक भएर घरको दोस्रो तलाबाट आगो सल्किएको थियो। आगलागीले घरभित्रका लत्ता कपडा,भाडा वर्तन,लगायत सबै धनमाल पूर्णमा जलेर नष्ट भएको छ।आगो नियन्त्रण आएपनि नेपाल प्रहरी,सशस्त्र प्रहरी,नेपाल आर्मी लगायत स्थानीयहरू आगालागी नियन्त्रणमा जुटेका थिए।

# खाद्यान्नमा मकै उत्पादन धेरै

**मिसन संवाददाता**
*सुर्खेत, २१ चैत*



कर्णाली प्रदेशमा उत्पादन हुने खाद्यान्नमध्ये सबैभन्दा बढी मकै उत्पादन हुने गरेको छ। प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका अनुसार यो वर्ष कर्णालीमा सबैभन्दा बढी दुई लाख ५८ हजार ८७६ मेट्रिक टन मकै उत्पादन भएको छ।

कर्णालीमा ८२ हजार ८०८ हेक्टर क्षेत्रफलमा मकैखेती हुँदै आएको मन्त्रालयअन्तर्गत कृषि निर्देशनालयले जनाएको छ। मकैपछि बढी उत्पादन हुने बाली गहुँ हो।

प्रदेशका दशवटै जिल्लाको तथ्यांक अनुसार ७१ हजार ७६९ हेक्टर क्षेत्रफलमा गहुँखेती गरिँदै आइएको छ। गत वर्ष मात्रै प्रदेशभर एक लाख ५१ हजार ९९० मेट्रिक टन गहुँ उत्पादन भएको कृषि निर्देशनालयले जनाएको छ। निर्देशनालयका निर्देशक तिलक पाण्डेका अनुसार धान उत्पादन तेस्रो स्थानमा पर्दछ। गत वर्ष एक लाख ४६ हजार ६७९ मेट्रिक टन धान उत्पादन भएको जनाउँदै उनले कर्णालीमा ४१ हजार ३०४ हेक्टर क्षेत्रफलमा धानखेती हुँदै आएको उल्लेख गरे।

कोदो १८ हजार ८२६ मेट्रिक टन, जौ नौ हजार ७०९ मेट्रिक टन र फापर दुई हजार ६३३ मेट्रिक टन उत्पादन भएको पाण्डेले जानकारी दिए। कोदो र फापर विशेषगरी हिमाली क्षेत्रमा उत्पादन हुने गरेको छ। जसअन्तर्गत १३ हजार ७०४ हेक्टर क्षेत्रफलमा कोदो र दुई हजार ३७७ हेक्टर क्षेत्रफलमा फापरखेती हुँदै आएको निर्देशनालयले जनाएको छ।

निर्देशनालयको तथ्यांक अनुसार सबैभन्दा बढी मकै उत्पादन हुने जिल्ला सल्यान हो। सल्यानमा यो वर्ष ७४ हजार ७०० मेट्रिक टन मकै उत्पादन भएको छ। सुर्खेतमा ४५ हजार ४७५ मेट्रिक टन मकै उत्पादन हुँदा दैलेखमा ४५ हजार ३१० मेट्रिक टन, जाजरकोटमा ३३ हजार ३१३ मेट्रिक टन, रूकुम पश्चिमा ३५ हजार ३४० मेट्रिक टन मकै उत्पादन भएको निर्देशनालयका निर्देशक पाण्डेले जानकारी दिए।

उनका अनुसार कालीकोटमा आठ हजार ६० मेट्रिक टन, जुम्लामा १० हजार ५०० मेट्रिक टन, मुगुमा दुई हजार १३८ मेट्रिक टन, डोल्पामा तीन हजार ७५० मेट्रिक टन र हुम्लामा २९० मेट्रिक टन मकै उत्पादन भएको छ। यस्तै, गहुँ उत्पादनमा सुर्खेत अगाडि देखिएको छ। सुर्खेतमा यो वर्ष ३४ हजार १०२ मेट्रिक टन उत्पादन भएको छभने सल्यानमा २८ हजार ५२८ मेट्रिक टन गहुँ उत्पादन भएको छ।

जाजरकोटमा २५ हजार १०० मेट्रिक टन, रूकुम पश्चिममा २१ हजार ७१३ मेट्रिक टन, दैलेखमा १७ हजार २७४ मेट्रिक टन, कालीकोटमा ११ हजार ३१३ मेट्रिक टन, जुम्लामा पाँच हजार ४०८ मेट्रिक टन, डोल्पामा चार हजार १६५ मेट्रिक टन, मुगुमा तीन हजार २७२ मेट्रिक टन र हुम्लामा एक हजार ११५ मेट्रिक टन गहुँ उत्पादन भएको निर्देशनालयले जनाएको छ। धान उत्पादनमा पनि सुर्खेत पहिलो देखिएको निर्देशनालयका निर्देशक पाण्डेले बताए। यो वर्ष उत्पादन भएको धानको तथ्यांकलाई हेर्दा सुर्खेतमा ६३ हजार ८० मेट्रिक टन उत्पादन भएको छ।

उनका अनुसार दैलेखमा २७ हजार १५२ मेट्रिक टन, सल्यानमा २३ हजार ७१० मेट्रिक टन, रूकुम पश्चिममा नौ हजार ४५५ मेट्रिक टन, जाजरकोटमा नौ हजार ३०७, जुम्लामा पाँच हजार ९८७, कालीकोटमा पाँच हजार ५०० मेट्रिक टन धान उत्पादन भएको छ। यस्तै, हुम्लामा एक हजार १२० मेट्रिक टन धान उत्पादन हुँदा मुगुमा एक हजार २३ मेट्रिक टन र डोल्पामा ३४५ मेट्रिक टन धान उत्पादन भएको छ। कर्णालीमा सात जिल्ला खाद्यान्नमा आत्मनिर्भर छन् भने अन्य तीन जिल्ला खाद्यान्नमा आत्मनिर्भर हुन सकेका छैनन्।

कर्णालीमा उत्पादन बढाउन विभिन्न कार्यक्रमहरू सञ्चालन गरिँदै आइएको प्रदेश सरकारले जनाएको छ। सरकारले ब्याज अनुदानमा ऋण उपलब्ध गराउनेदेखि उत्कृष्ट किसानलाई पुरस्कृत गर्नेलगायत कार्यक्रम सञ्चालन गरिरहेको निर्देशक पाण्डेले जानकारी दिए।

# स्वास्थ्य पत्रकार मञ्च कर्णालीको अध्यक्षमा बसेल, महासचिवमा जैशी

**मिसन संवाददाता**
*वीरेन्द्रनगर, २१ चैत*



स्वास्थ्य पत्रकार मञ्च कर्णाली (एचजेएफ) को अध्यक्षमा ललित बसेल निर्विरोध चयन भएका छन्। बिहीबार सुर्खेतमा सम्पन्न भएको स्वास्थ्य क्षेत्रमा कलम चलाउँदै आएका कर्णालीका पत्रकारहरूको भेलाले एचजेएफ कर्णालीको अध्यक्षमा ललित बसेललाई निर्विरोध चयन गरेको हो।

उक्त भेलाबाट स्वास्थ्य पत्रकार मञ्च कर्णालीको उपाध्यक्षमा तृप्ती शाही, महासचिवमा नन्दराम जैशी, सचिवमा मिमबहादुर रावल (रमेश) र कोषाध्यक्षमा गीता थापा चयन भएका छन्। भने सदस्यमा देवबहादुर राना र टेकराज खत्री निर्विरोध चयन भएका छन्।

पदाधिकारी चयनपछि स्वास्थ्य पत्रकार मञ्च कर्णालीले अब बिट रिपोटिङका आधारमा स्वास्थ्य क्षेत्रका गतिविधिबारे खोज तथा सन्देशमुलक सामाग्री प्रकाशन तथा प्रचार प्रसार गर्ने बताएको छ।

मञ्चका अध्यक्ष ललित बसेलले कर्णालीमा स्वास्थ्य क्षेत्रका समस्या समाधानको विकल्पबारे पत्रकारिता मार्फत भुमिका निर्वाह गर्ने उल्लेख गर्दै राम्रा कामको प्रचार गरेर अन्य प्रदेशलाई सन्देश दिने बताए। सोही अनुसार सबै पदाधिकारीहरूले कलम चलाउनुपर्ने उनको भनाइ रहेको थियो।


Government of Nepal
Ministry of Water Supply
Department of Water Supply and Sewerage Management
**Federal Water Supply and Sewerage Management Project**
Dhangadhi, Kailali

**Invitation of Electronic Bids**

**Date of 1st publication: 4th April, 2025 (22nd Chaitra 2081)**

1. Federal Water Supply and Sewerage Management Project Dhangadhi, Kailali, Nepal invites bids from Eligible and qualified bidders through ‘Single Stage Two Envelope’ procedure for the following works under National Competitive Bidding Procedures.

| S. N. | Description of Works | Bid Security Amount, (NRs.) | Bid Document Fee, (NRs.) | Bid Submission Deadline Date and Time | Technical Bid Opening Date and Time |
|---|---|---|---|---|---|
| 1. | [01/2081-82/CoF/NCB/FWSSMP/Kailali] Construction of Lamki Chuha Co-Financing Water Supply and Sanitation Project Package-II, Kailali | 90,00,000.00 | 20,000.00 | 04-May-2025 (2082-01-21) 12:00 Hrs. | 04-May-2025 (2081-01-21) 12:30 Hrs. |

2. A complete set of bidding document may be downloaded for e-submission from PPMO’s e-GP system at www.bolpatra.gov.np/egp. The bidders shall submit their bid electronically and deposit above mentioned non-refundable fee in the bank account specified in the bidding document.

**Office Chief**

# मर्मत नहुँदा प्रयोगविहिन बन्यो झोलुङ्गो पुल

जथाभावी नदीजन्य पदार्थ उत्खननका कारण नदीले भत्काएको गोदावरी नगरपालिका वडा नम्बर ९ शेहरी र भल्का जोड्ने झोलुङ्गो पुल मर्मत नहुँदा प्रयोगविहीन भएको छ । निर्माण सम्पन्न भएको एक वर्ष नबित्दै खुटिया नदीको कटानले क्षति गरेको पुल अहिले प्रयोगविहिन अवस्थामा रहेको छ ।

**शेरबहादुर ऐर**
*कैलाली, २१ चैत*



पिल्लरनिर बनाइएको पक्की संरचना भत्किएको छ । पिल्लर भत्किएकै कारण अहिले वारपार ठप्प रहेको छ । तर, अहिलेसम्म मर्मतका लागि कसैले ध्यान दिएको छैन् । २०७५ सालमा गोदावरी नगरपालिका वडा नम्बर ९ शेहरी र भल्का जोड्ने झोलुङ्गे पुल बनाउने कार्यको सुरुवात गरिएको थियो । तर, निर्माण सम्पन्न भएको एक वर्ष नबित्दै खुटिया नदीको कटानले अहिले प्रयोगविहिन बनेको छ ।

गोदावरी नगरपालिकाले पुल नजिकबाट नदीजन्य पदार्थ (ढुङ्गा, बालुवा, गिट्टी जस्ता) उत्खनन, संकलन, ढुवानी तथा ओसार पसार गर्न नपाइने व्यवस्था गरेको छ । तर, स्थानीय तहहरूको कमजोरीका कारण सोही क्षेत्रमा जथाभावी नदीजन्य पदार्थ उत्खनन हुने गरेको छ । जसका कारण नदीले धार परिवर्तन गर्नुका साथै बनेका संरचनाहरूमा पनि क्षति पुग्ने गरेको छ ।

पुल समयमै मर्मत गर्नुपर्ने र त्यसको संरक्षणका लागि तटबन्धन गरिनुपर्ने स्थानीयहरूले माग गरेका छन् । गोदावरी नगरपालिका वडा नम्बर ९ बस्दै आएका स्थानीय हेमबहादुर चन्दले सरकारले लाखौँ खर्च गरि निर्माण गरेको झोलुङ्गे पुल कटानले प्रयोगविहिन जस्तै बनेको बताए । उनले शेहरी क्षेत्रमा तटबन्धन गरेकोले कुनै क्षति नपुगेको तर, भल्का क्षेत्रमा तटबन्धन नहुँदा कटानले क्षति पुर्‍याएको बताए ।

'अहिले शेहरीतिरको नदी किनारमा तटबन्धन गरिएको छ । जसका कारण पुलमा कुनै क्षति हुन सकेको छैन् । तर, खुटिया नदीको धार परिवर्तनले भल्का क्षेत्रमा भत्काइसकिएको छ । यसले गर्दा सरकारको लाखौँ रूपैयाँ यहि नदीमा बगेको जस्तै भएको छ' उनले भने, 'यहाँ तटबन्धन गराएर यथाशिघ्र भल्का जोड्नलाई पुल समयमै मर्मत गरिनुपर्छ । यसले यस क्षेत्रका मानिसलाई राहत हुने थियो । स्थानीय तह र प्रदेश सरकारले यो विषयमा गम्भीर हुनुपर्छ ।'

स्थानीय प्रकाश शाहले जथाभावी नदीजन्य पदार्थ उत्खनन नै प्रमुख समस्या रहेको बताए । पुलमा कुनै तटबन्धन नरहेको र खुटिया नदीको बहाव जतातिर उत्खनन भएको हुन्छ सोही क्षेत्रतिर कटान हुने गरेको बताए । उनले भने, 'सरकारले मापदण्ड बनाएको छ । तर, सो विपरित निर्माण व्यवसायीहरूले कार्य गर्दै आएका छन् । स्थानीयहरूले रोक्न खोज्दा पनि मान्दैनन् । नियमन निकायले यसमा कडाई गर्न जरुरी रहेको छ ।' उनले जोखिम पुलमा तटबन्धन गराई लगानीको सदुपयोग हुनुपर्ने बताए ।

गोदावरी वडा नम्बर ९ का वडा सदस्य उद्धव भट्टराईले प्रदेश सरकारले योजना निर्माण गरेको बताए । तर, हालसम्म प्रदेश सरकारले ठेक्का प्रक्रियामा लग्न नसकेको बताए । उनले प्रदेश सरकारको लगानीमा समयमै पुल मर्मत भइदिए राहत हुने बताए । उनले सो पुलको डीपीआर तयार भइसकेको बताए । उनले भने, 'सो पुल मर्मतसँगै तटबन्धन गराउन तीन करोड लागत अनुमान गरिएको छ । प्रदेश सरकारले चालू आर्थिक वर्षमा एक करोड विनियोजन गरेको छ । तर, निर्माण कार्य अघि बढाउन सकेको छैन् ।'

वडाध्यक्ष रामप्रसाद रानाले प्रदेश सरकारले आश्वासनमात्र दिएको बताए । उनले आफ्नो क्षेत्रमा विकास गराउन आफू लागिरहेको बताए । उनले जथाभावी उत्खनन भएको पाइए रोक्न पहल भइरहेको बताए । उनले भने, 'हामी पुल निर्माण गराउनतर्फ सक्रिय भएर लागेका छौँ । शहरी विकास कार्यालयका निर्देशकले अनुगमन गरेर कार्य अघि बढाउँछु भनेको छ । तर, अहिलेसम्म निर्देशक अनुगमनमा आउनुभएको छैन् । हामी फेरी उनलाई भेट्न जाने योजना बनाइरहेको छु । उहाँलाई पुल मर्मत गराउन दबाब दिन्छु ।'

सो पुलमात्र होइन खुटिया नदीमा निर्माण भएका झोलुङ्गे पुलहरू नजिकमा नियमविपरित नदीजन्य पदार्थ उत्खनन तथा संकलन भइरहेका कारण कटानले जोखिममा परिरहेका छन् । तर, सो दृष्य देखिरहेका निर्माण कम्पनिले नदीजन्य पदार्थ पुल वरपरबाट उत्खनन तथा संकलन जारी राखेका छन् । स्थानीय तहको प्रमुख आयस्रोत मानिने नदीजन्य पदार्थ उत्खनन तथा संकलनलाई व्यवस्थित बनाउनतर्फ भने ध्यान दिन सकेको छैन् ।

धनगढी उपमहानगरपालिका वडा नम्बर १७ मा गोदावरी र धनगढी जोड्ने झोलुङगे पुल पनि कटान भइरहेको छ । ठेकेदारले शिवगंगा झोलुङगे पुल क्षेत्रबाटै नदीजन्य पदार्थ उत्खनन गराइरहेको स्थानीयबासीहरू बताउँछन् ।

नदीजन्य पदार्थको उत्खन्न, संकलन तथा ढुवानीको नियन्त्रण तथा व्यवस्थापनको अधिकार स्थानीय तहमा गइसकेपछि अहिले नियमविपरितका कार्य भइरहेको छ । जिल्ला समन्वय समिति कैलालीका सूचना अधिकारी विमलप्रकाश जोशीले स्थानीय तहहरूले नदीजन्य पदार्थको उत्खनन, संकलन तथा व्यवस्थापनमा ध्यान दिन जरुरी रहेको बताए । उनले भने, 'अहिले धेरै अधिकार स्थानीय तहमा रहेको छ । हामीले नियमविपरित नदीजन्य पदार्थ उत्खनन गरिरहेको अवस्थामा फेला पारेको भएपनि जरिवाना गर्ने अधिकार स्थानीय तहकै रहेको छ । जसका कारण स्थानीय तहहरूले त्यस्ता निकायमा कडाई गर्न सकेको छैन् ।'

# अडिओ छानबिनमा जुटेन सर्वदलीय सहमति



**मिसन संवाददाता**
*धनगढी, २१ चैत*

सुदूरपश्चिमका मुख्यमन्त्री कमलबहादुर शाहले बोलाएको सर्वदलीय बैठक विना निष्कर्ष टुंगिएको छ । प्रतिपक्षी दलहरूको अवरोधका कारण प्रदेशसभा बैठक बस्न नसकेपछि मुख्यमन्त्री शाहले सर्वदलीय बैठक बोलाएका थिए । प्रतिपक्षी दलले सरकारले मनलाग्दो ढंगले राजनीतिक नियुक्ति गरेको, जथाभावी बजेट बाँडेको, फजुल खर्च बढाएको र पूर्व उद्योग पर्यटन वन तथा वातावरणमन्त्री लक्ष्मणकिशोर चौधरीको विवादास्पद संवादबारे छानबिनको माग गर्दै प्रदेशसभा बैठकमा विरोध गर्दै आएका छन् ।

चौधरीको आर्थिक लेनदेनसम्बन्धी अडिओ छानबिन गर्ने विषयमा सत्ता पक्ष र विपक्षीको फरक मत देखिएपछि बैठक बिना निष्कर्ष टुंगिएको एकीकृत समाजवादीका उपनेता प्रकाश रावलले जानकारी दिए । उनका अनुसार प्रतिपक्षी दलहरू माओवादी केन्द्र, एकीकृत समाजवादी र राप्रपाले अडिओ काण्डको उच्चस्तरीय संसदीय समिति गठन गर्दै छानबिन गर्नुपर्ने माग अगाडि सारेका थिए ।

'हामीहरूले संसदीय समिति गठन गर्दै अडिओ काण्डको छानविन गर्नुपर्ने आग्रह गरेका थियौँ,' उनले भने, 'सत्ता पक्षले सार्वजनिक लेखा समिति र अख्तियारले उक्त विषयमा छानबिन गर्ने बताएपछि कुरा मिलेको छैन् । फेरि बस्ने कुरा भएको छ ।'

प्रतिपक्षी दलहरूले आफ्ना माग सम्बोधन नहुँदासम्म प्रदेशसभा बैठक चल्न नदिने अडान कायमै राखेका छन् । यसअघि मंगलबार पनि मुख्यमन्त्री शाहले बोलाएको बैठक निष्कर्षविहीन भएको थियो । पूर्वमन्त्री चौधरीले दिगो वन व्यवस्थापन सम्बन्धी कार्यविधि आर्थिक लाभ लिनेगरी बनाउनेबारे छलफल गरेको अडिओ गत साता सार्वजनिक भएको थियो ।

अडिओ सार्वजनिक भइसकेपछि उनले राजीनामा दिएका थिए । पूर्वमन्त्रीले राजीनामा दिए पनि अडिओमा मुख्यमन्त्री शाह लगायतको नाम पनि जोडिएको भन्दै प्रतिपक्ष दलहरूले उच्चस्तरीय छानबिनको माग गर्दै आएका छन् ।

# दशगजामा वयस्क हात्ती मृत फेला

**मिसन संवाददाता**
*कन्चनपुर, २१ चैत*

दोधाराचाँदनी नगरपालिका वडा नम्बर ३ बडुवाल टोल नजिक नेपाल (भारत सीमा क्षेत्र) दशगजामा एक वयस्क हात्ती मृत अवस्थामा फेला परेको छ । शुक्लाफाँटा राष्ट्रिय निकुञ्जका वरिष्ठ संरक्षण अधिकृत मनोज साहका अनुसार हात्ती सीमा स्तम्भ नम्बर ८०० को झण्डै ५ सय मिटर दक्षिण दशगजा क्षेत्रमा मृत अवस्थामा भेटिएको हो ।

सीमा क्षेत्रमा घटना भएको हुनाले नेपाल र भारत दुवै देशका सुरक्षा निकाय, निकुञ्ज तथा वन प्रशासनका अधिकारीहरू घटनास्थलमा पुगेका थिए । प्रारम्भिक अनुसन्धानका क्रममा मृत हात्तीको शरीर दशगजामा र टाउको नेपाली भूमिमा रहेको पाइएको छ । हालसम्म हात्तीको मृत्युको कारण स्पष्ट हुन सकेको छैन् ।

सम्बन्धित निकायहरूले घटनाको विस्तृत अनुसन्धान गरिरहेको बताएका छन् । निकुञ्ज तथा वन अधिकारीहरूले प्रारम्भिक अनुसन्धानपछि थप जानकारी सार्वजनिक गर्ने बताएका छन् । हात्तीको मृत्युको कारण भने खुल्न सकेको छैन् । हात्तीको उमेर ८ देखि १० वर्षको रहेको छ । दुई महिनाअघि मात्रै लालझाडी गाउँपाालिकाको जाँइमा पनि हात्ती मृतावस्थामा फेला परेको थियो ।

# सीताराम बहुमुखीमा नेविसंघको प्यानलै निर्विरोध

**मिसन संवाददाता**
*डोटी, २१ चैत*

सुदूरपश्चिम विश्वविद्यालयअन्तर्गत डोटीको सीताराम बहुमुखी क्याम्पसको स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनमा नेपाल विद्यार्थी संघ नेविसंघको प्यानलै निर्विरोध निर्वाचित भएको छ ।

स्ववियु सभापतिमा नेविसंघका उमेश बलायर, उपसभापतिमा मनिषा कुमारी भट्ट, सचिवमा ललितबहादुर साउद, सहसचिवमा लक्ष्मीकुमारी विक,
कोषाध्यक्षमा कविताकुमारी बलायर निर्विरोध निर्वाचित भएको निर्वाचन संयोजक चेतराज भट्टले बताए ।

यस्तै सदस्यहरूमा टिकेश्वरी जैशी, माया बलायर प्रत्यक्षतर्फ निर्वाचित भएका छन् भने समानुपातिकमा यसोदाकुमारी भट्ट,सारदा खड्का र लालमनि भट्ट पनि निर्विरोध निर्वाचित भएका छन् ।

चैत २७ गते हुने भनिएको निर्वाचनका लागि उम्मेदवारी दिएका क्रान्तिकारीका सबै उम्मेदवारले उम्मेदवारीले फिर्ता लिएपछि उनीहरू निर्विरोध निर्वाचित भएका हुन् ।

## लागूऔषधसहित पाँच जना पक्राउ



**धनगढी ।** कैलालीको धनगढी र गौरीगङ्गाबाट लागूऔषधसहित प्रहरीले पाँच जनालाई पक्राउ परेको छ । धनगढी उपमहानगरपालिका-४ बसपार्कबाट अछामको मंगलसेन नगरपालिका-१ का १८ वर्षीय युवक र मङ्गलसेन नगरपालिका-५ का १७ वर्षीय युवकलाई प्रहरीले पक्राउ गरेको हो । अस्थायी प्रहरी पोष्ट बसपार्कबाट खटिएको प्रहरी टोलीले प्रहरीले दुवैजनालाई एक ग्राम २४० मिलिग्राम लागूऔषधसहित नियन्त्रणमा लिएको थियो ।

यसैगरी, धनगढी उपमहानगरपालिका-६ जङ्गल रिसोर्ट नजिकबाट सोही स्थानका २६ वर्षीय आशाराम चौधरी र २९ वर्षीय दिलबहादुर चौधरी लागूऔषधसहित पक्राउ परेका छन् । चौधरीलाई एक ग्राम २१० मिलिग्राम लागूऔषधसहित वडा प्रहरी कार्यालय धनगढी र लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय धनगढीबाट संयुक्त रूपमा खटिएको प्रहरी टोलीले नियन्त्रणमा लिएको थियो ।

यस्तै गौरीगंगा नगरपालिका-८ लिक्मा गाउँका १८ वर्षीय एक युवक पनि ८० मिलिग्राम लागूऔषधसहित इलाका प्रहरी कार्यालय मसुरियाबाट खटिएको प्रहरी टोलीले नियन्त्रणमा लिएको कैलाली प्रहरीले जनाएको छ ।

# दुर्गालक्ष्मीमा स्ववियु निर्वाचनबारे जुटेन सहमति




**मिसन संवाददाता**
*धनगढी, २१ चैत*

सुदूरपश्चिम विश्वविद्यालय अन्तर्गतको कैलालीको अत्तरियामा रहेको दुर्गालक्ष्मी बहुमुखी क्याम्पसको स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचन प्रक्रियामा भएको विवाद झन् झन् बल्झँदै गएको छ ।

पाँच विद्यार्थी संगठनले दर्ता गराएको समानुपातिक उम्मेदवारीका विषयमा परेको दाबी विरोधमा निष्कर्ष ननिस्किएपछि विवाद सुरु भएको थियो । निर्वाचनमा उम्मेदवारी दिएका नेविसंघ र अखिल संयुक्तले आ-आफ्नो अडान कायमै राखेपछि विवाद टुङ्गोमा लगाउने प्रयास असफल भएको हो । मंगलबार र बुधबार छलफल गर्दा पनि विवाद टुङ्गोमा नपुगेपछि निर्वाचन नै प्रभावित हुने जोखिम बढेको छ ।

सोमबार परेको समानुपातिक उम्मेदवारीमा अखिल संयुक्तले प्रक्रिया मिचेको भन्दै नेविसंघले दाबी विरोधको निवेदन दर्ता गराएको थियो । संगठन दर्ता नभएको अखिल संयुक्तबाटै उम्मेदवारी दर्ता गरिनु अवैध भएको भन्दै खारेज गर्नुपर्ने उसको माग छ । उता अखिल संयुक्तले भने ५ संगठन मिलेर बनेको अखिलले संयुक्तबाट सबै प्रक्रिया पुरा गरेर उम्मेदवारी दर्ता भएको जनाएको छ ।

दुवै संगठनले आ-आफ्नो अडान कायमै राख्दा निर्वाचन अधिकृतको कार्यालयले पनि के गर्ने भन्ने निष्कर्षमा पुग्न सकेको छैन् । निर्वाचन अधिकृत लोकबहादुर महराले छलफल जारी राखेको भए पनि सहमति हुन नसकेको बताए । उनले अझै पनि सहमतिको प्रयास जारी रहेको बताए ।

विवाद हुँदा निर्वाचन कार्यतालिका अनुसार मंगलबार दाबी विरोध गरी उम्मेदवारीको नामावली प्रकाशन गर्नुपर्नेमा उक्त काम बिहीबार पनि हुन सकेन् । सोमबार स्ववियुको नयाँ नेतृत्व चयनका लागि संयुक्त अखिल र नेपाल विद्यार्थी संघ (नेविसंघ) ले उम्मेदवारी दर्ता गरेका छन् । जसमा प्रत्यक्ष तर्फ ११-११ र समानुपातिकका लागि ८-८ जनाको उम्मेदवारी परेको छ ।

# तिलोत्तमामा खुल्यो ग्रेनाइट उद्योग

श्यामलाल पोखरेल
*बुटवल, २१ चैत*

एकपछि अर्को उद्योगहरू सञ्चालन भैरहेका छन्, रूपन्देहीको तिलोत्तमामा। पछिल्लो समय आर्थिक मन्दी देखिएपनि ठूलो लगानीमा तिलोत्तमामा उद्योगहरू सञ्चालनमा आएका छन्। यही चैत महिनामा तिलोत्तमामा २ वटा उद्योग सञ्चालनमा आएका हुन्। तिलोत्तमा नगरपालिका वडा नम्बर १५ को सखवानीमा ग्रेनाइट उत्पादन सुरु गरिएको छ। यो उद्योग यस क्षेत्रकै पहिलो हो। ग्रेनाइट उद्योग नहुँदा छिमकी देश भारतबाट खरिद गरेर बिक्री वितरण गरिने गरिएको थियो।

चैत ५ गतेबाट ग्रेनाइटको उत्पादन सुरु भएपनि बिहीबार उद्योगको उद्घाटन गरिएको हो। तिलोत्तमा नगरपालिकाका नगर प्रमुख रामकृष्ण खाँणले उद्योगको उद्घाटन गर्दै नगर क्षेत्रका उद्योगहरूलाई संरक्षणका लागि सहयोग गर्ने बताए। रोजगारी दिने र आर्थिक चलायमान बनाउने उद्योगहरू खोल्नु पर्ने बताउँदै उनले तिलोत्तमा नगरपालिका उद्योगी व्यवसायीहरूको साथमा रहेको बताएका थिए। 'तपाईहरू ढुक्क भएर उद्योग चलाउनुहोस् लगानीको सुरक्षाका लागि हामीले सहयोग गर्छौं।' उनले भने।



एक बिगाह जमिन लिजमा लिएर तिलोत्तमाका ७ जना उद्योगी व्यवसायीले एभरसाईन ग्रेनाइस प्रालिमार्फत ग्रेनाईटको उद्योग सञ्चालनमा ल्याएका हुन्। तिलोत्तमा हेमराज पौडेल, भुपाल गिरी, क्षितिज शर्मा, भूमिराज सुवेदी, पदम रेग्मी, तोयानाथ खनाल, राजेश कोठारीले लगानी गरेका छन्। उद्योग सञ्चालनका लागि हालसम्म १० करोड रूपैयाँ खर्च भैसकेको र अझै २ करोड खर्च लाग्ने एभरसाईन ग्रेनाइस प्रालिका सञ्चालक हेमराज पौडेलले बताए।

सञ्चालक पौडेलका अनुसार १२ करोड भन्दा माथि लगानी लाग्ने उद्योगले अहिले २० जनालाई रोजगारी दिएको छ। भारतको राजस्थान र हैदराबादबाट कच्चा पदार्थ ल्याएर ग्रेनाईट उत्पादन गर्न थालिएको छ। रूपन्देहीमा ग्रेनाईट उत्पादन हुन थालेपछि पहिला भन्दा धेरै सस्तो पर्नेछ। सञ्चालकका अनुसार ग्रेनाईटमा प्रति स्क्वारफुट एक सय रूपैयाँ सस्तो पर्ने र मार्वल लगाउन नसकेका मानिसले ग्रेनाईट लगाउन सक्नेछन्। देशको आर्थिक अवस्था कमजोर हुँदै गएको बेला नयाँ उद्योग खुल्न थालेपछि खुसी लागेको बताउँदै तिलोत्तमा उद्योग वाणिज्य संघका अध्यक्ष ज्ञानेन्द्र कार्कीले राज्यले उद्योगी व्यवसायीलाई लगानीमैत्री वातावरण बनाइदिनुपर्नेमा जोड दिए।

# 'आफ्नो भविष्य रोज्नुहोस्, हुन्डाईसँग' योजना

मिसन संवाददाता
*बाँके, २१ चैत*




हुन्डाई अटो मोबाइल्सको आधिकारीक बिक्रेता लक्ष्मी इन्टरकन्टिनेन्टलले नयाँ वर्षलाई मध्यनजर गर्दै 'आफ्नो भविष्य रोज्नुहोस्, हुन्डाईसँग' योजना ल्याएको छ।

देशभरका ग्राहकहरूलाई मध्यनजर गर्दै लक्ष्मी इन्टरकन्टिनेन्टलले बिहीबारदेखि यो योजना लागू गरेको हो। उसले आफ्नो ग्राहकहरूको यात्रा खास बनाउन हुन्डाईले नगद छुटको आकर्षक अफर सहितको योजना ल्याएको छ। 'यो नयाँवर्ष आफ्नो भविष्य रोज्नुहोस्, हुन्डाईसँग' अन्तर्गत ग्राहकहरूले हुन्डाई गाडीको खरिदमा आकर्षक ६ लाखसम्म नगद छुट प्राप्त गर्न सक्नेछन्।

हालै सार्वजनिक गरिएको 'आफ्नो भविष्य रोज्नुहोस्' को थिमसहित, क्रेटा इभी र क्रेटा आइसिई (मेड इन नेपाल) लाई यो अफरले अझै उत्साहजनक बनाउने बताइएको छ। यो योजनामा ग्राहकहरूले गाडी खरिद गर्दा १ वर्षसम्मको नि:शुल्क बीमा तथा सवारी करका साथै तुरुन्तै मूल्यांकन तथा एक्सचेन्ज सुविधा पाउनेछन्। आफ्ना ग्राहकहरूका सन्तुष्टिको निमित्त हुन्डाईले सदैव समय सापेक्षिक ग्राहक लक्षित योजनाहरू सार्वजनिक गर्दै आइरहेको छ।

लक्ष्मी इन्टरकन्टिनेन्टलले ग्राहकहरूको आवश्यकता र रूचीलाई ध्यानमा राखी हरेक वर्ष यस्ता ग्राहकमुखी अफर ल्याइरहेको छ। सबै आइसीई हुन्डाई गाडीहरूमा ३ वर्ष वारेन्टी, ६ वर्षको फ्रि सर्भिसिङ्ग र इभी गाडीको हाई भोल्टेज ब्याट्री मा ८ वर्ष र गाडी को अरू घटकमा २ वर्ष वारेन्टी उपलब्ध हुनेछन्। यस स्किमबाट हुन्डाईको कुनै पनि ह्याचब्याक, कम्प्याक्ट एसयूभी, एसयूभी तथा इभी गाडी खरिद गरि फाईदा लिन सकिनेछ। हुन्डाइका उत्कृष्ट उत्पादनहरूले नेपालभरी धेरै ग्राहकहरूको मन तथा विश्वास जित्न सफल भएको छ।

# नेपाली उत्पादन भारतमा निर्यातको बाटो खुल्यो

मिसन संवाददाता
*काठमाडौं, २१ चैत*

भारततर्फ केही नेपाली वस्तु निर्यातमा लगाइएको अवरोध फुकुवा भएको छ। भारतले नेपाली सिमेन्ट, जस्तापाता, प्लाइउडलगायतका सामग्रीको ब्यूरो अफ इन्डियन सर्टिफिकेट (बिआइएस) प्रमाणपत्र नवीकरण गरेपछि निर्यातको बाटो खुलेको हो।

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले केही महिनापहिले आफ्नो भारत भ्रमणका क्रममा समकक्षी पीयुष गोयलसँग सो विषयमा छलफल गरेका थिए। उनले नेपाली वस्तु भारत निर्यात गर्न र भारतीय बजारमा बिक्री वितरणको सहजीकरणका लागि पहल गरेका थिए।

गत पुस २७ र २८ मा भएको नेपाल-भारत वाणिज्य सचिवस्तरीय बैठकमा बिआइएस प्राप्ति, नवीकरण तथा निर्यात सहजीकरणका विषयमा गहन छलफल भएको थियो। नेपालका तर्फबाट प्राथमिकताका साथ उठाइएपछि भारतीय पक्षले समस्या समाधानका लागि प्रतिबद्धता जनाएको थियो।

भारतले सिमेन्ट, जस्तापाता, प्लाइउड, सेनेटरी प्याड, जुत्तालगायतका सामग्री निर्यातमा बिआइएस अनिवार्य गरेको छ। भारतले बिआइएस नवीकरण नगर्दा नेपालबाट पाँच महिनादेखि भारततर्फ सिमेन्ट निर्यात र एक महिनादेखि प्लाइउड निर्यात रोकिएको थियो। बिआइएस नवीकरणको विषयलाई लिएर नेपालका व्यवसायीले नेपाल सरकारलाई दबाब दिँदै थिए।

नेपाल प्लाइउड उत्पादक संघका अध्यक्ष होमप्रसाद घिमिरेका अनुसार बिआइएस प्राप्त गरेपछि निर्यात सहज हुनेछ। उनले भारतले अहिले बिआइएस नवीकरण गरिरहेको बताए। उनका अनुसार अहिले करिब एक दर्जन उद्योगले बिआइएस नवीकरण



गरिसकेको छ।

केही समयअघि भारत निर्यातका लागि काँकडभिट्टा पुऱ्याइएका ३४ ट्रक प्लाइउड बिआइएसको अभावमा नाकामै रहेको उनले जानकारी दिए। केही सिमेन्ट कम्पनीले पनि बिआइएस नवीकरण भएपछि भारततर्फ सहज रूपमा सिमेन्ट निर्यात गर्न लागेको जनाइएको छ।

सो प्रमाणपत्र नवीकरणका लागि एक महिना म्याद अझै बाँकी रहेको छ। घिमिरेका अनुसार करिब तीन सिमेन्ट उद्योगले भारतमा निर्यात गरिरहेका र नवीकरण नभएका आधा दर्जन सिमेन्ट उद्योगले एक महिनाभित्र बिआइएस पाउनेछन्।


## अधिकतम खुद्रा विक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म/कम्पनीले (इन्डिया) बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्री मूल्य निम्नबमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

तपसिल

| सि.नं | मालबस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडेल | क्षमता | उत्पत्तिको मूलुक राष्ट्र | ईकाई | प्रति ईकाई मूल्य | अधिकतम खुद्रा विक्री मूल्य MRP | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | REFRIGERATOR | SINGLE DOOR | GODREJ | RD ERIOPLS 205BXP TDF AZ BL | 190 Ltr | INDIA | SET | NPR | 38,790/- | |

विक्रेता फर्मको नाम: ई.ओ.एल. प्रा.लि.
ठेगाना: चौधरी हाउस, सानेपा, ललितपुर
स्थायी लेखा नं.: ३०३६६८८४४
फोन नं.: ५५२५०३९/०४१



## बाणगङ्गा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

### शिलबन्दी बोलपत्र/दरभाउपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना

**सूचना प्रकाशित मिति: २०८१/१२/२२ गते**

बाणगंगा नगरपालिकाबाट सूचना प्रकाशित गरिए बमोजिम पर्न आएका दरभाउपत्रहरु मध्ये न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि सिफारिस हुन आएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ उक्त दरभाउपत्र सँग सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल:

| सि. नं. | ठेक्का नं | कामको विवरण | छनोट भएको बोलपत्रदाता/दरभाउपत्र | कबोल अंक रकम मु.अ.कर सहित रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | 80/NCB/BMO/KAPIL/WORKS/81-82 | Upgradation Works Livestock Department at Office | रेसुङ्गा कन्ट्रक्सन | ४२,९४,४१०।४५ | |
| २ | RE91/SQB/BMO/KAPIL/GOODS/81-82 | Supply and Delivery of Laboratory Goods For Pipara Hospital | टप बिजनेस ट्रेडिङ्ग प्रा.लि | ५,८७,४६०।०० | मु अ कर बाहेक |
| ३ | 97/NCB/BMO/KAPIL/WORKS/81-82 | Gobadihawa Canal Works,Ward 2 | सोम सुर्य कन्ट्रक्सन एण्ड इन्जिनियरिङ्ग कन्सल्टिङ सर्भिसेज प्रा.लि | ३३,८९,८०६।६७ | |
| ४ | 98/NCB/BMO/KAPIL/WORKS/81-82 | Upgradation works Odari Ma. Vi , Pancha Adharbhut, Suryodaya Ma. Vi, Baljyoti Aa. Vi., Nawadurga Ni. Ma. Vi and BhartapurAa.Vi | रेसुङ्गा कन्ट्रक्सन | ४८,२८,५२६।९९ | |
| ५ | 102/81-82 | Excavation and Extraction of Natural River Bed Material, Sand,Gravel and Boulder of GhiriKhola 2 | बिसाल दुर्गा सप्लायर्स | १,६१,५९,०००।०० | |

| सि. नं. | ठेक्का नं | कामको विवरण | स्विकृत भएका आईटम नं. (बि.ओ.क्यू. मा भएका सि.नं.) | |
|---|---|---|---|---|
| १ | Re92/NCB/BMO/KAPIL/GOODS/81-82 | Supply and Delivery of Remaining Insurance Medicine Goods For Pipara Hospital | Samundra Medico Pharma – 20, 49, 51, 54, 74, 77, 92, 112, 114, 166, 176, 202, 206, 209, 218, 222, 227, 231<br>A-One Pharma – 3, 5, 11, 45 | |

प्रमुख प्रशासकीय अधिकृत



## Bhumikasthan Municipality
### Office of the Municipal Executive
Nuwakot, Arghakhanchi
Lumbini Province, Nepal

### Invitation for Sealed Quotation

**Third Date of publication: 04-04-2025 (2081-12-22)**

1. Bhumikasthan Municipality invites electronic bids from eligible bidders for the following works under sealed quotations procedures.
2. Bidders may obtain further information and inspect the bidding document may visit PPMO website www.bolpatra.gov.np/egp.and download the bidding documents for e-submission from PPMO's Web Site www. bolpatra.gov.np./egp.
3. Bidder who chooses to submit their bid electronically can download the bidding documents from PPMO's e-GP system www. bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically should deposit the cost of NRs.1000/- as bidding document fee in the account as specified below:

**Information to deposit the cost of bidding document in Bank:**
- **Name of the Bank:** Parbhu Bank Ltd.
- **Office Account no:** 2587086986800138
- **Account Name:** Internal Revenue.
- **Name of Office:** Bhumikasthan Municipality Office
- **Office Code no:** 801055101
- Rajaswa (revenue) Shirshak no: 14249

4. Bid Security must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format which shall be valid for 30 days beyond the validity period of the bid.

**Information to deposit the BID Security Amount in Bank:**
- Name of the Bank: Parbhu Bank Ltd.
- Office Account no: 2587086986800048
- Name of Office: Bhumikasthan Municipality Office
- Account Name :Dharouti Account.

5. Pre-bid meeting shall be held at Bhumikasthan Municipality, Arghakhanchi Lumbini Province, Nepal at 13-04-2025 13:00 hours.
6. Electronic bids must be submitted to the office Bhumikasthan Municipality, Arghakhanchi, Lumbini Province, Nepal through PPMO website www.bolpatra.gov.np/egp on or before 20-04-2025 12:00. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 20-04-2025 13:00 at the office of Bhumikasthan Municipality, Arghakhanchi

**Bidders other details are as given below:**

| Tender No. | Name of Project | Bid Price | Estimate cost (Exclusive of VAT and Contingencies) | Bid Security Amount In NRs | Bid security valid period |
|---|---|---|---|---|---|
| 34/BMA/W/AB/081/82 | Pokhedanda Truws Building Construction Works. | NRs. 1000.00 (Not Refundable) | 864520.99 | 25500 | 45 Days |

8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**



Mob:9829602188
LIFELINE HOSPITAL लाइफलाइन जनरल हस्पिटल
डा. पारस श्रेष्ठ
एम.बी.बी.एस.एम.डी
कन्सल्टेन्ट फिजिसियन, मृगौला रोग विशेषज्ञ
अब डायलिसिस सेवा पनि
डा. क्रिस्टीन श्रेष्ठ
एम.बी.बी.एस.एम.डी.एफ.पी.सी.पी. कन्सल्टेन्ट फिजिसियन
विभागीय प्रमुख सुशील कोइराला प्रखर क्यान्सर अस्पताल

गणपति डेण्टल क्लिनिक
Mob:9742818406, 9808549451
डा. प्रतिक श्रेष्ठ
बि.डि.एस.(दिल्ली) मिति रेडियोलोजी लेजर एण्ड इम्प्लान्ट (अमेरिका)
डेण्टल सर्जन एण्ड इम्प्लाटोलोजिस्ट, गणपति डेण्टल क्लिनिक
Dental-Maxillofacial-Trauma, Fixed Orthodontic & Implant Center

नेपालगञ्ज उप-महानगरपालिका-१३ सदरलाईन, सरस्वती स्कूल सामुन्ने, बाँके, फोन नं. : ०८१-५३३०५८

## डाँफे कप फुटबल

# आयोजकले उचाल्यो उपाधि

खगेन्द्र दाहाल
*खजुरा, २१ चैत*



बाँकेको खजुरामा भएको १० औँ डाँफे कप नकआउट फुटबल खेल प्रतियोगिताको उपाधि आयोजक न्यू डाँफे स्पोर्ट्स क्लबले उचालेको छ। स्वर्गीय गजबहादुर सिजाली स्मृतिमा सञ्चालन गरिएको डाँफे कपको बिहीबार सम्पन्न फाइनल खेलमा नवज्योति युवा क्लब बैजनाथलाई ०-१ गोल अन्तरले हराउँदै आयोजकले उपाधि हात पारेको हो।

उपाधि हात पारेको आयोजक टिमले प्रथम पुरस्कार १ लाख ५५ हजार ५५५ आफ्नै पोल्टामा पारेको थियो। उपविजेता हुँदै नवज्योति युवा क्लब बैजनाथले ८० हजार ५५५ नगदसहित ट्रफि मेडल र प्रमाणपत्रमा चित्त बुझायो। फाइनल खेलका म्यान अफ द म्याच न्यू डाँफेका जर्सी नम्बर ४ का खेलाडी लक्ष्मण राना घोषित भए। म्यान अफ द म्याच घोषित खेलाडी रानाले नगद ११०० सहित मेडल ट्रफी साथमा लेलिन ब्राण्डको टिसर्ट प्राप्त गरेका थिए।



खेल अवधिभर सबैभन्दा बढी गोल गर्ने सर्वाधिक गोलकर्ता न्यू डाँफेका जर्सी नम्बर ११ का श्याम व्याडी घोषित भए। उत्कृष्ट गोलकिपर न्यू डाँफेका कुम्भ देउवा भए। सर्वोकृष्ट खेलाडी न्यू डाँफेकै जर्सी नम्बर ५ का दिपेङ्ग राजसिंह ठकुरी घोषित भएका थिए। प्रतियोगितामा उत्कृष्ट खेलाडीलाई ७ हजार ५००, उत्कृष्ट गोलकिपरलाई ५ हजार ५०० र उत्कृष्ट स्कोलरलाई ५ हजार ५०० रूपैयाँ, लेलिन ब्राण्डको टिसर्ट, कप, म्यागेजिन झोलासहित मेडल र प्रमाणपत्र प्रदान गरिएको क्लबका सचिव बलराम खत्रीले जानकारी दिए। प्रतियोगिताको प्रथम पुरस्कार स्वरूप समाजसेवी लिलबहादुर थापाले सौजन्य गरेका थिए। प्रतियोगिताको समापनमा विभिन्न सहयोगी दाताहरूलाई सम्मान गरिएको थियो।

झन्डै ५ हजार बढी फाइनल खेल हेर्न दर्शकहरूको उपस्थिति खजुरास्थित डि गाउँको मिनी रङ्गशालामा थियो। न्यू स्पोर्ट्स क्लब खजुरा डिगाउँको आयोजनामा चैत्र ९ गतेदेखि भएको थियो। प्रतियोगितामा १६ वटा टिमले सहभागिता जनाएको प्रचार संयोजक खगेन्द्र दाहालले जानकारी दिए।

प्रतियोगिताको समापनमा बोल्दै खजुरा गाउँपालिकाका अध्यक्ष डम्बर बहादुर विकले १०औँ डाँफे कपले खजुराको खेलकुदलाई मात्र नभई सिङ्गो खजुरालाई देशव्यापी रूपमा चिनाउन मद्दत गरेको बताए।

खजुरा खेलकुदको हबको रूपमा चिनिएको उल्लेख गर्दै उनले अर्को वर्ष थप आकर्षक ढङ्गले खेल सञ्चालन गर्न पालिकाको सहयोग रहने प्रतिबद्धता व्यक्त गरेका थिए।

# तोकिएकै मितिमा दशौँ राष्ट्रिय खेलकुद सम्पन्न गर्न निर्देशन

मिसन संवाददाता
*काठमाडौँ, २१ चैत*



प्रतिनिधि सभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिले तोकिएकै समयमा दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिताको आयोजना र व्यवस्थापन गर्न युवा तथा खेलकुद मन्त्रालयलाई निर्देशन दिएको छ। बिहीबार बसेको समितिको बैठकले युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरी, राष्ट्रिय खेलकुद परिषद् (राखेप) का उपाध्यक्ष ध्रुव आचार्य र राखेपका सदस्य सचिव टङ्कलाल घिसिङलाई बोलाएर तोकिएकै समयमा खेलकुद प्रतियोगिता आयोजना र व्यवस्थापन गर्न निर्देशन दिएको हो।

समितिका सभापति अमरबहादुर थापाले भौतिक पूर्वाधारलगायत अन्य आवश्यक तयारी र व्यवस्थापन कार्यलाई तीव्रताका साथ सम्पन्न गर्नेगरी सबै कार्य जतिसक्दो छिटो सक्न तथा भव्यताका साथ तोकिएकै समयमा प्रतियोगिता गर्न मन्त्रालयलाई निर्देशन दिएको बताए। उक्त प्रतियोगिता २०८२ जेठ ३ देखि १० गतेसम्म कर्णाली प्रदेशको सुर्खेतमा आयोजना गर्ने तय भएको छ।

यस्तै खेलकुद मन्त्री चौधरीले खेलकुद प्रतियोगिता समयमा नै सम्पन्न गर्नेगरी काम अगाडि बढाइएको जानकारी दिए। उनले खेलाडीलाई पनि तयारी अवस्थामा राखिएको बताए। व्यवस्थापनमा केही कठिनाइ आउने उल्लेख गर्दै उनले त्यसलाई ध्यानमा राखेर काम भइरहेको बताएका थिए।

समितिले प्रतियोगिता आयोजनाको तयारी तथा व्यवस्थापनको कार्यमा आबद्ध सम्पूर्ण तह, निकाय र पदाधिकारीबीच प्रभावकारी समन्वय तथा सहकार्य गरी कार्य अगाडि बढाउन निर्देशन दिएको छ। समितिका सदस्य रेखा शर्माले जुनसुकै हालतमा पनि प्रतियोगिता गर्नुपर्ने बताइन्।

समितिका सदस्य रामप्रकाश चौधरीले प्रतियोगिता सम्पन्न गर्न मन्त्रालय र राखेपबीच तालमेल नमिलेको भन्दै समयमा नै प्रतियोगिता गर्नुपर्ने बताए। समितिले प्रतियोगिताको तयारी र व्यवस्थापनबारे यही चैत २२ देखि २४ गतेसम्म स्थलगत अवलोकन गरी जानकारी लिने सभापति थापाले जानकारी दिए।


## VACANCY ANNOUNCEMENT

Janajyoti Public High School invites applications from highly motivated. reliable and accountable applicants having the ability to deliver results with the level of integrity for the following job titles for the new academic session 2082 B.S.

| S. N. | Level | Subject | No. | Qualification |
|---|---|---|---|---|
| 1 | Secondary | Mathematics | 1 | At least Bachelor's degree in relevant subject |
| 2 | Secondary | English | 1 | At least Bachelor's degree in relevant subject |
| 3 | Basic | Computer | 1 | B.Sc. CSIT is preferable |
| 4 | Basic | Nepali | 1 | Bachelor degree is preferable |
| 5 | Basic | English | 1 | Bachelor degree is preferable |
| 6 | Basic | Science | 1 | Bachelor degree is preferable |
| 7 | Basic | Social | 1 | Bachelor degree is preferable |
| 8 | Grade Teacher | English | 2 | +2 or above |

**Additional qualities:** Well-experienced, digital literacy, good command over written and spoken English.

**Interested and eligible candidates are requested to email their handwritten application and CV to jphsbanke@gmail.com with their recent resume within 26th Chaitra 2081 B.S. or visit the school personally.**

***Only shortlisted candidates will be contacted.***

**JANAJYOTI PUBLIC HIGH SCHOOL**
Kohalpur-2, NCCN (Siddhanagar), Banke
Phone:- 081-410200, 9848024823, 9814579096, Email: jphsbankeg@gmail.com


# चैत्र २९ मा 'दुर्गालक्ष्मी दौडिन्छ' हाप म्याराथन


आफ्नो घर आँगन सफा राखौं।
सभ्य नागरिकको परिचय दिऔं।


मिसन संवाददाता
*धनगढी, २१ चैत*



पूर्व विद्यार्थी मञ्चले खेलकुद मात्र नभई स्वास्थ्य र समाजिक एकताको पर्वका रूपमा 'दुर्गालक्ष्मी दौडिन्छ' म्याराथन आयोजना हुन गइरहेको छ। दुर्गालक्ष्मी नमुना माध्यमिक विद्यालयले आफ्नो ५०औँ वार्षिकोत्सव पार गरी ५१औँ वर्षमा प्रवेश गरेको अवसरमा विशेष स्वर्ण महोत्सव आयोजना गर्ने तयारी भइरहेको छ।

यसै सन्दर्भमा, विद्यालयका पूर्व विद्यार्थीहरूको संस्था 'पूर्व विद्यार्थी मञ्च, दुर्गालक्ष्मी माध्यमिक विद्यालय' ले चैत्र २९ गते म्याराथन दौड आयोजना गर्ने घोषणा गरेको छ। खेलकुदले शारीरिक मात्र नभई मानसिक स्वास्थ्यमा पनि गहिरो प्रभाव पार्ने कुरालाई ध्यानमा राख्दै यस म्याराथनको आयोजना गरिएको हो। समाजलाई स्वास्थ्यप्रति जागरूक बनाउनुका साथै विद्यालयका पूर्व विद्यार्थीहरूलाई एकताबद्ध गर्ने उद्देश्य यस कार्यक्रमले बोकेको छ।

तर, यो प्रतियोगिता केवल दौड्ने र जित्ने कार्यक्रममा मात्र सीमित छैन। यस म्याराथनले सामाजिक सेवाको अभियान पनि अघि बढाउनेछ। प्रतियोगिताबाट संकलित रकम विद्यालयमा अध्ययनरत आर्थिक रूपमा कमजोर विद्यार्थीहरूको छात्रवृत्तिका लागि खर्च गरिनेछ।

त्यस्तै, विद्यालयका भौतिक संरचनाको विकास, पुस्तकालय विस्तार तथा आपत्कालीन राहत कोषको स्थापनाका लागि समेत रकम परिचालन गरिने योजना रहेको आयोजकले जनाएको छ। प्रतियोगितामा जुनसुकै उमेर समूह तथा पेशा व्यवसायका महिला-पुरुष सहभागी हुन सक्नेछन्। सहभागिहरूका लागि पाँच सय नाम दर्ता शुल्क तोकिएको छ। जसअनुसार विशेष चिन्ह अंकित जर्सी प्रदान गरिनेछ। नाम दर्ता अन्तिम मिति चैत्र २८ गते साँझ ७ बजेसम्म रहेको छ। इच्छुक धावकहरूले पूर्व विद्यार्थी मञ्चका विभिन्न प्रतिनिधिहरूसँग सम्पर्क गरी नाम दर्ता गराउन सक्नेछन्। प्रतियोगिता बिहान ६:३० बजे विद्यालय प्राङ्गणबाट सुरु भई तेघरीस्थित बनदेवी मन्दिर हुँदै पुनः विद्यालयमै समापन हुनेछ। प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने धावकहरूलाई आकर्षक पुरस्कार प्रदान गरिनेछ।





## TEACHER'S WANTED

**Bal Jyoti School** invites application for qualified self motivated and experienced candidates to join the dynamic school team for the following post

| S. N. | Position | Req. No. | Qualification | Work Experience |
|---|---|---|---|---|
| 1. | Basic Level Mathematics | 1 | B.A. Mathematics/ B.Ed. Mathematics B.Sc. | 1 year |
| 2. | Basic Level Science | 1 | +2 Science | 1 year |

**Requirements**
1. Good command over his/her subject matter.
2. Priority will be given to experienced Male and female candidates.

*Eligible candidaes are requested to apply with a handwritten application and updated CV to the following address within 25th chaitra 2081 of vacancy announcement.*

**FOR MORE DETAILS**

**BAL JYOTI SECONDARY SCHOOL**
Kohalpur-11, NTV Road (Banke)
Phone No.: 9858025211, 9858020430
Email: sbjessinfo@gmail.com

PAN No: 3055770159 Reg. No.95870/069/070

ADMISSION OPEN ! ADMISSION OPEN !!

**BRIDGE COURSE**

ब्रिज कोर्षको लागि नेपाल सरकार शिक्षा मन्त्रालयबाट इजाजत प्राप्त

**STAFF NURSE**

HA, LAB, PHARMACY, FORESTRY, AG., OA, ENGINEERING, +2 ADVANCED SCIENCE, ALL CTEVT COURSE

**हाम्रो विशेषताहरु**

- सस्तो होइन गुणस्तरीय रोजौं।
- बाँके जिल्लामा सबै भन्दा पुरानो र विश्वासीलो।
- बाँके जिल्लामा सबै भन्दा बढी विद्यार्थी फ्री स्कर्लशीपमा नाम निकाल्न सफल भएको।
- विगत १५ वर्ष देखि निरणन्तर सेवा दिदै आएको।
- हाम्रो कुनै पनि दलाल एजेन्ट छैन हामी घर-घरमा गएर विद्यार्थी भर्ना गर्दैनम।
- हाम्रो कुनै पनि शाखा छैन् हाम्रो कार्यालय कोहलपुर-११ दशविगाहमा छ।
- ४५ दिने ब्रिज कोर्षबाट बचौं ९० दिने कोर्ष गरौं।
- SEE मा A+ आएमा १००% छुट र मा A आएमा २५% छुटको व्यवस्था भएको।
- दलित, मधेशी, मुस्लिम, आदिबासी जनजाती, पिछडियका क्षेत्र, द्वन्द पिडित, सरकारी स्कुलका विद्यार्थीहरुलाई, अपाङ्गता भएका व्यक्तिहरु र थारु तथा महिलाहरुलाई ३०% छुट भएको।

**जानकारीका लागि**

**Kohalpur Technical College (KTC)**
Kohalpur-11, Dashbigha (Banke)
Ph. No.: 9848061767, 9815517004

नोट: एकचोटी भर्ना भए पछि ५ वर्ष सम्म ब्रिज कोर्ष फ्रि।





**मिसन टुडे राष्ट्रिय दैनिकका लागि प्रकाशक/सम्पादक:** बिनोद पौडेल। **कार्यकारी सम्पादक:** कृष्ण ओली। **कर्पोरेट कार्यालय:** काठमाडौं-१३, सेतोपुल। **प्रादेशिक कार्यालय:** वीरेन्द्रनगर सुर्खेत। धनगढी कैलाली र लुम्बिनी दाङ। गण्डकी पोखरा
**शाखा कार्यालय:** गुलरिया तथा बाँसगढी, बर्दिया र रुपन्देही बुटवल। **प्रधान कार्यालय :** कोहलपुर-११, बाँके। **फोन:** ०८१-५४१६०८, ९८५८०२३०६९। **मुद्रण:** मिसन अफसेट प्रेस, कोहलपुर (बाँके)